लेखापरीक्षण प्रतिवेदन

भूमे गाउँपालिका, रुकुमकोट

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

भूमे गाउँपालिका, रुकुमकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/79

श्रीमान् अध्यक्षज्यू

भूमे गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/79

श्रीमान् अध्यक्षज्यू ,

भूमे गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पुर्व।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब १९ करोड ३८ लाख ४५ हजारको लेखापरीक्षणबाट रु.३ करोड ६ लाख २२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १४ लाख ९२ हजार सम्परीक्षण भई प्रतिक्रियाबाट थप बेरुजु रकम रु.१ लाख ३५ हजार समेत असुल गर्नुपर्ने रु.२ करोड ०७ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२१ लाख ८२ हजार र नियमित गर्नुपर्ने रु. ६३ लाख १३ हजार गरी जम्मा रु.२ करोड ९२ लाख ६५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.९ करोड ३९ लाख १० हजार मध्ये यस वर्ष रु. ६५ लाख २६ हजार सम्परीक्षण भई यस वर्ष सम्परीक्षणबाट कायम थप बेरुजु रु.१ लाख ५९ हजार समेत यस वर्षको थप बेरुजुसमेत हालसम्म अद्यावधिक बेरुजु रु.११ करोड ६८ लाख ८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण

तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत भूमे गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५१	९३	३,०६,२२,०३८	०	२५	१४,९२,०९८	१,३५,०१५	५१	६८	२,९२,६४,९५५	२,०७,६९,६८३	६३,१३,४६७	२१,८१,८०५	०	०	८४,९५,२७२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुकुम पूर्व	९,३९,१०,१४७	०	६५,२६,२९९	८,७३,८३,८४८	१,५९,०००	२,९२,६४,९५५	११,६८,०७,८०३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	१७	सामाजिक सुरक्षा कर	२१,३३२
२	२०८१/८२	३१	शैक्षिक ऋण	६,७५,०००
३	२०८१/८२	४८.५	वडा नं ७ वडा कार्यालय भवन निर्माण	४१,५९४
४	२०८१/८२	६९	लाबाङ खेलमैदान स्तर उन्नति निर्माण	२९,३३०
५	२०८१/८२	३४	लाखरखोला सामुदायिक भवन निर्माण	१२,२००
६	२०८१/८२	४९	महत रंगशालामा ग्याबिनवाल तथा शौचालय निर्माण	२७,९७३
७	२०८१/८२	४३	भवन प्याकेजिङ्ग(संघीय सशर्त)	२,९०,७७९

८	२०८१/८२	६२	बिल भरपाई	३६,४००
९	२०८१/८२	३८	बढी भुक्तानी	३५,०६३
१०	२०८१/८२	५०	बढि परिमाण भुक्तानी	३२,७६६
११	२०८१/८२	४२.१	प्रशासनिक भवन(स्थानीय भवन पूर्वाधार कार्यक्रम)	१,३३,८२३
१२	२०८१/८२	३६.२	घ वर्ग निर्माण व्यवसायी ईजाजत पत्र	३६,६००
१३	२०८१/८२	३७	गाउँपालिकाको कभर्ड हल बाउन्डरी तथा मर्मत	११,२३२
१४	२०८१/८२	७०.१	कुचिवाङ्ग सिमखोला भिजिवन लावाङ्ग धर्मशाला	९४,३५५
१५	२०८१/८२	२६.१	औषधी खरिदः	१३,६५१
जम्मा				१४,९२,०९८
गत विगतको बेरुजु सम्परीक्षण				
१६	२०८०/८१	१९	पेश्की वाँकी	६५,०४,९५२
१७	२०८०/८१	७.२	आन्तरिक लेखापरीक्षणबाट कायम भएको वेरुजु	१२,१६७
१८	२०८०/८१	५३.२	१ नं वडा भवन	९,१८०
जम्मा				६५,२६,२९९
कुल जम्मा				८०,१८,३९७

भूमे गाउँपालिका, रुकुमकोट

(८०५५३५०२३००)

भूमे गाउँपालिका , रुकुम पूर्वि भाग

परिचय

१ **परिचय**

१.१ कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य र २७३.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा १९८२९ जनसंख्या रहेको छ।

१.२ लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

१.३ लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१ देखि २०८२।५।५ सम्म रहेको छ।

१.४ लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

१.५ लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

१.६ आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय - व्ययतर्फ रु. १ अर्ब १९ करोड ३८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

१.७ लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४५६७२८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ।

सि.नं	विवरण	रकम रु.
१	स्वतन्त्र राज चौधरीबाट पेस्की रकम व्याज सहित फिर्ता भौचर नं.८५७७७४१६बाट मिति २०८२।५।२ मा बेरुजु दाखिला भएको ।	४४००००
२	विभिन्न व्यक्तिको असुल भएको ।	१६७२८

२ **एकीकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति			भुक्तानी		
विवरण	रकम	जम्मा	विवरण	रकम	जम्मा
शुरु मौज्दात		२२२१०८४१	चालुखर्च		२८७०१७४४९
क) स्थानीय तह सञ्चित कोष खाता	६१४९६८४		क)गाउँपालिका तर्फ	१०३९५६५५९	
ख) स्धानीय तह धरौटी खाता	१४४७११४५		ख) संघीयसशर्त	१८००४३२०६	
ग) विविध खर्च खाता	२०६९९३		ग) प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम	१९९९९९७	
घ) स्थानीय तह विविध कोष खाता	४१२२७९		घ) प्रदेशसशर्त	१०१७६८७	
ङ) स्थानीय तह आकस्मिक कोष खाता	८४६७९९		पुँजीगतखर्च		१५१७३९३९१
च) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१२३९४१		क)गाउँपालिका तर्फ	८७०९९२७३	
यसवर्षको आय			ख) संघीयसशर्त	२८६९३१०४	
१.आन्तरिक आय		६६०४७१०	ग) संघीयसमपुरक	१५६९९२८७	
२. वित्तीय हस्तान्तरण (संघ)/ राजस्व बाँडफाँटसंघ		४२४४२०१२६	प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम	0	
क) समानीकरण अनुदान	९७९०७९२०		क) प्रदेशसशर्त	५७१४४०९	
ख) राजस्व बाँडफाँट	८६८९९७०६		ख) प्रदेशसमपुरक	१४५३३३१८	
ग) सशर्त अनुदान	२१८६१२५००		अन्तरसरकारी अख्तियारी (संघ)		१२७८५९१२१
१३३१४ विषेश अनुदान चालु	१०००००००		क) सामाजिकसुरक्षा	९४७५३६०३	
१३३१७ समपुरक अनुदान पुँजीगत	११००००००		ख) स्थानीयतह प्रशाकीय भवन पूर्वाधार विकास कार्यक्रम	१०००००००	
			ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४८००००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)/ राजस्व बाँडफाँड संघ		३४४१०९६३	घ) पर्यटनपूर्वाधार विकास कार्यक्रम	१७९१४५१८	
क) समानीकरण अनुदान	७३०५०००		ङ) एकीकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४७११०००	
ख) राजस्व बाँडफाँट	९५०५९६३		कोष खाता/ धरौटी खाता		४८१२३२०
ग) सशर्त अनुदान	८६०००००		क) स्धानीयतह धरौटी खाता	४१३१५४८	
घ) १३३१४ विषेश अनुदान चालु	२००००००		ख) विविधखर्च खाता	४२५९८३	
ङ) १३३१७ समपुरक अनुदान पुँजीगत	७००००००		ग) स्थानीयतह विविध कोष खाता	१२९५००	
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२७८५९१२१	घ) गतवर्षको भुक्तानी दायित्व मिलान	११०८९.०६	
क) सामाजिक सुरक्षा	९४७५३६०३		ङ) स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	११४२००	
ख) स्थानीय तह प्रशाकीय भवन पूर्वाधार विकास कार्यक्रम	१०००००००		अनुदान फिर्ता		२२७४४५८७
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४८००००		संघीय तर्फ	१९८७६१९०	
घ) पर्यटन पूर्वाधार विकास कार्यक्रम	१७९१४५१८		क) शसर्तअनुदान चालु	१६४४६८७३	
ङ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४७११०००		ख) शसर्तअनुदान पुँजीगत	१८०६८९६	
कोष खातामा आम्दानी		१२००८८२	ग) विषेशअनुदान चालु	१६२२४२१	
क) विविध खर्च खाता	८९९७६६		प्रदेशतर्फ	२८६८३९८	
ख) स्थानीय तह विविध कोष खाता	०		क) शसर्तअनुदान चालु	८२३१३	
ग) स्थानीय तह आकस्मिक कोष खाता	३०१११६		ख) शसर्तअनुदान पुँजीगत	१७८५५९१	
घ) स्थानीय तह प्रकोप	०		ग) समपुरकअनुदान	१०००४९१	

व्यवस्थापन कोष खाता			पुँजीगत		
धरौटीआम्दानी		५१८८०७५	घ) विशेषअनुदान	३	
			बैंङ्क मौज्दात		२७७२१८४८
			क) स्थानीयतह सञ्चित कोष खाता	१००७२९६६	
			ख) स्थानीयतह धरौटी खाता	१५५२७६७२	
			ग) विविधखर्च खाता	६८०७७६	
			घ) स्थानीयतह विविध कोष खाता	२८२७७९	
			ङ) स्थानीयतह आकस्मिक कोष खाता	११४७९१५	
			च) स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	९७४१	
जम्मा	६२१८९४७१७	६२१८९४७१७	जम्मा	६२१८९४७१७	६२१८९४७१७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक कारोवारको एकिकृत वित्तीय विवरण**

३.१ **वित्तीय विवरण परीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० मा सवै वित्तीय कारोबार देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा व्यवस्था भएकोमा पालिकाले देहायका भुक्तानी बाँकीको विवरण, लगानी लगायतका विवरणहरुको साथै सम्पूर्ण टिप्पणी तथा अनुसूची प्रविष्टि गरेको देखिएन यस सम्बन्धी बेहोरा निम्नानुसार रहेका छन्-

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **भुक्तानी दायित्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तोकिएको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने उल्लेख छ। पालिकाले गत वर्ष भुक्तानी दिन बाँकी दायित्व रु.४११००००।- र यस वर्षको भुक्तानी दिन बाँकी रु. ११५८६११५ रहेकोमा वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) टिप्पणी १३ मा भुक्तानीको दायित्व प्रविष्टि गरेको देखिएन। पालिकाले भुक्तानी दिन बाँकी दायित्व रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३.३ एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिकाको आन्तरिक राजश्व खाता र गत वर्षको कट्टी रकम दाखिला बीच हिसाब मिलान नभएका कारण श्रेस्ता र बैंक बीच रु. ११०८९.०६ फरक परेको छ ।

३.४ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्षको मौज्दात रु. ८,३५,५१,०५५ रहेकोमा यस वर्ष सम्पत्ति रु. २,९६,८२,७२९ थप भई रु. १०,२३,३१,७७४ मौज्दात देखाएकोमा पालिकाले तयार गरेको वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) टिप्पणी नं. ११ मा सम्पत्तिको मौज्दात रकम प्रविष्टि गरेको देखिएन । पालिकाले वित्तीय विवरणमा सम्पत्ति रकम समावेश गरी तयार गर्नुपर्दछ ।

३.५ भूमे गाउँपालिका शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७(पहिलो संशोधन) २०८० को दफा २.१ मा भूमे गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने गरिब तथा जेहेन्दार तथा जेहेन्दार विद्यार्थीलाई भुमे गाउँ पालिका कार्यालय गाउँ कार्यपालिकाको अधिकतम

रु. ५ लाख सम्म नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक शिक्षातर्फ ऋण दिन सक्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको रु. १६१५६०० ऋण उपलब्ध गराएको छ । उक्त रकम वित्तीय विवरण (म.ले.प.फा.नं.-२७०)को टिप्पणी नं. ४.१ मा ऋण लगानीमा प्रविष्टि गरेको देखिएन । गाउँपालिकाले सम्पूर्ण रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३.६ **लेखापरीक्षणको विवरण** – आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु प्रविष्टिको लागि टिप्पणी नं. १७ मा व्यवस्था गरेको छ । पालिका हालसम्मबेरुजु रु. १२०५१४५३२.४३ रहेकोमा वितीय विवरणको टिप्पणीमा उल्लेख गरेको देखिएन।

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१५१७३९३९१ को खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- सूचनाको हक को कार्यान्वयन नभएको
- पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ९ बमोजिम यस पालिकाकामा कार्यरत ३० जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२५१३२८४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- रनिङ शिल्ड प्रतियोगिता संचालनलगाएत विभिन्न कार्यक्रमकमा मेडल वितरण गर्दा प्रत्येक व्यक्तिको भरपाई संलग्न नराखि एकमुष्ट रुपमा दिने गरिएको ।
- ब्यान्डिङ र प्रिङ्टिङको लगाएतको खरिद गर्दा खरिद आदेश र दाखिला प्रतिवेदन बेगर गर्ने गरिएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३३(४) मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गरेको देखिएन । तोकिएको अवधिमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम (स्थानीय तह)**

६.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.४९ करोड ३२ लाख ७८ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.२ **योजनाको प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार पुजिँगत र कार्यक्रम गाउँपालिकास्तरका कुल २१५ वटा योजनामा बजेट विनियोजन गरेको छ।

बजेर खर्च (रु. हजारमा)							
क्र. सं.	**बजेट**	**योजना सङ्ख्या**	**रु.२० लाखमाथिका योजना सङ्ख्या**	**रु.५ लाखदेखि २०**	**रु.५लाखभन्दा कमका योजना सङ्ख्या**	प्रगति**सङ्ख्या**	खर्च
१	१७३८७७	१३५	२१	१९	९५	१२७	१५१७३९
२	२५००१	८०	१	१६	६३	७०	२०९८०
	१९८८७८	२१५	२२	३५	१५८	१९७	१७२७१९

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६.३ **त्रैमासिक पुँजीगत खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रू. हजारमा							
विवरण	**बजेट**	**खर्च**	**प्रथम**	**दोस्रो**	**तेश्रो**	**चौथो**	**आषाढको खर्च**
रकम रु. हजारमा	१७३८७७	१५१७३९	३०७८७	१६७००	४११०५	६३१४७	४५८०२
प्रतिशत	१००	८७.२७	२०.२९	११.०१	२७.०९	४१.६२	३०.१८

माथिको तालिका अनुसार यस वर्ष ८७.२७ प्रतिशत खर्च भएकोमा चौथो त्रैमासिकमा कुल खर्चको ४१.६२ प्रतिशत र आषाढमा मात्र ३०.१८ प्रतिशत खर्च भएको छ । गाउँपालिकाले तोकिएको चौमासिक अनुसार खर्च गर्न विनियोजन दक्षता एवं कार्यान्वयन प्रभावकारितामा वृद्धि गर्नु पर्दछ।

६.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।साथै गाउँसभाले सालबसाली विनियोजन ऐन,२०८१ ले १० प्रतिशत रकम रकमान्तर व्यवस्था व्यवस्था छ। गाउँपालिकाले यो वर्ष विनियोजन ऐन प्रकाशन नगरी रु.४९ करोड ३२ लाख ७८ हजार हजार बजेट रहेकोमा रु. १करोड १८ लाख ५४ हजार रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्थाअनुसार रकमान्तर गर्नुपर्दछ ।

६.५ **गत वर्षको दायित्व भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको कच्चावारी प्रमाणितबेगर यस पालिकाले गत वर्षको दायित्वअन्तर्गत रु.६२ लाख ४१ हजार बजेट विनियोजन भई रु. ४१ लाख १० हजार खर्च गरेको देखियो। सालबसाली रूपमा कार्यक्रम सम्पन्न गर्नुका साथै भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिनुपर्दछ।

७ पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५२ मा कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षको जिम्मेवारी सारी लेखापरीक्षण गर्ने निकायले फर्स्योट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखा प्रतिवेदनमा समावेश गर्नु पर्दछ । पालिकाले गत वर्ष देखि प्रशासकीय भवन निर्माणको ए.सी.कन्स्ट्रक्सन प्रा.ली.को रु.२३३००००।पेश्की बाँकी दिएकोमा लेखापरीक्षण अवधिसम्म पेस्की फर्स्योट भएको छैन । सम्झौताको शर्त बमोजिम सयममा पेश्की कट्टा गरी फर्स्योट गर्नु पर्दछ।

८ कानून कार्यान्वयनको अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम स्थानीय तहले आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रहि आवश्यकता अनुसार नियम, निर्देशिका र कार्यविधि बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले हालसम्म निति १६, ऐन ४४ वटा, नियमावली तथा विनियमावली ११ र निर्देशिका मापदण्ड र कार्यविधि ५२ गरी हालसम्म १२३ वटा कानुनी व्यवस्था भएका छन् । गाउँपालिकाले कानुन तर्जुमा गर्दा प्रत्यायोजित अधिकारमा रही तर्जुमा गरी स्वीकृत कानुन प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ।

९ मुद्दाको अवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(४) मा न्यायिक समितिले ३ महिना भित्र मुद्दा मेलमिलापको माध्यमबाट छिनोफानो गर्नुपर्ने व्यवस्था रहेको छ। न्यायिक समितिलाई यस आर्थिक वर्षमा गत वर्षको जिम्मेवारी सारिएको उजुरी ३ र यस वर्ष थप भएको उजुरी सहित जम्मा ८ वटा उजुरी दर्ता भएकोमा ४ वटा मुद्दाको फर्स्यौट भई ४ वटा उजुरीको किनारा नलागी वर्षान्तमा बाँकी देखिएकोले नियममानुसार बाँकी मुद्दा को किनारा लगाउनुपर्दछ।

१० संगठन तथा कर्मचारी व्यवस्थापन (स्थानीय तह)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ। साथै लुम्बिनी प्रदेश स्थानीय सेवा ऐन, २०८१ को दफा ५ र ६ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्नु पर्ने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३० जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १६ पदहरु रिक्त रहेका छन्। रिक्त पदमा प्रदेश लोक सेवाबाट माग गरी पद पूर्ति गर्नुपर्दछ।

११ सहकारी नियमनः

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, बार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण वमोजिम पालिका भित्र १२ वटा सहकारी संस्था दर्ता रहेका छन् ।साथै, पालिकाभित्र संचालित सहकारीहरूको नविकरण र यस सम्बन्धी अद्यावधिक विवरण उपलब्ध हुन सकेन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरीएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालनको अवस्थाबारे एकिन अध्ययन गर्न सकिएन। तसर्थ, ऐन र नियमावलीको निर्देशिका अनुसार सहकारीहरूको प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१२ गैरसरकारी संस्था नियमन

१२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५(१) मा गैरसरकारी सङ्घ संस्थाले संस्था, सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिई गर्नु पर्ने, गैरसरकारी सङ्घ संस्थाले स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने, आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरी संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन गर्ने उल्लेख छ । पालिकामा हाल सक्रिय रहेका देहाय गैरसरकारी संस्थाले कार्यक्रम संचालन गर्दै आएको देखियो । गैरसरकारी संस्थाहरूले पालिकासंग सम्झौता गरी कार्यक्रम संचालन गरेको भएतापनि गैरसरकारी संस्थाहरूको योजना तथा कार्यक्रमलाई स्थानीय तहले आफ्नो योजना, कार्यक्रम तथा बजेटमा समावेश गरेको देखिएन । पालिकाबाट देहायका अनुमति लिएका ८ गैरसरकारी संस्थाले कार्यक्रमलाई वार्षिक योजना तथा कार्यक्रममा समावेश नगरेको तथा अधिकांश कार्यक्रम वडा नं. २ र ३ मा सहज स्थानमा मात्र सञ्चालनग गरेकोले कामको दोहोरोपना हुने देखिन्छ । तसर्थ, आगामी दिनमा पालिकाले गैरसरकारी संस्थाहरूको योजना तथा कार्यक्रमलाई आफ्नो बजेटमा समावेश गरी अन्य वडामा समेत कार्यक्रम स्वीकृति दिई सोको नियमित अनुगमन गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१२.२ भूमे गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा १० प्रतिशत घरभाडा कर तिर्नु पर्ने उल्लेख छ । पालिका क्षेत्रमा दर्ता भएको नेपाल सार्वजनिक जागरण मञ्च (३०२१९९२३७) ले आफ्नो वित्तीय विवरणमा देहाय अनुसार घरभाडा खर्च लेखी घर भाडा कर तिर्न बाँकी दायित्वमा राखेको देखियो । लेखापरीक्षण अवधिसम्म उक्त दायित्व रकम स्थानीय तहको सञ्चितकोषमा दाखिला गरेको नदेखिएकोले असुल गर्नु पर्ने रु.

क्र.स	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२	जम्मा
	प्रोजेक्ट रेन्ट			११९४८०	११९४८०
	अफिस रेन्ट	६६५००	९६०००	९६०००	२०४५००
	फिल्ड अफिस रेन्ट				४२०००
	जम्मा घर भाडा				**३५७९८०**
	घर भाडा कर १०%				**३५७९८**

असुल गर्नुपर्ने	३५,७९८

१३ घ वर्ग निर्माण व्यवसायी ईजाजत पत्र

१३.१ **इजाजत पत्र अनुमति-** भूमे गाउँपालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा योग्यता भएका निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीलाई तोकिएको दस्तुर लिई इजाजत दिने व्यवस्था छ । पालिकाले गत वर्ष १० र यस वर्ष १ वटा गरि जम्मा ११ वटा घ वर्गको निर्माण इजाजत तथा नविकरण दिएको पाइयो । घ वर्गको निर्माण इजाजत तथा नविकरण गरेका केहीँ फाइल नमुना परीक्षण गर्दा कार्यविधिको अनुसूचिमा बमोजिम वाटर पम्प-३, भाईब्रेटर-३, कम्तिमा रु.पाँच लाख मौज्दात रहेको कम्पनीको नाममा हालैको बैँक स्टेटमेन्ट र कर चुक्ता प्रमाणपत्र लगायत कागजातको अध्ययन गरी इजाजत तथा नविकरण गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यविधिले तोकेको कागजातहरुको आधारमा इजाजत पत्र जारी तथा नविकरण गर्नुपर्दछ ।

१३.२ **घर वहाल करः-** पालिकाको “घ” वर्ग निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५(२) वमोजिम सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्र लिनु पर्ने र कार्यविधिको २०७५(३) इजाजतपत्रको अवधी समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरूप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट तोकिए बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्ने व्यवस्था गरेको छ। पालिकामा देहायका “घ” वर्गका निर्माण सेवा कम्पनी दर्ता तथा नवीकरण भएको देखिन्छ। पालिकामा दर्ता तथा नविकरण भएका निर्माण कम्पनीहरूको वित्तीय विवरणमा घरभाडा खर्च गरी घर भाडा कर तिर्न दायित्वमा देखाएकोले लेखापरीक्षण अवधिसम्म उक्त दायित्व रकम दाखिला नगरेकोले असुल गर्नुपर्ने रु.

क्र.स	निर्माण व्यवसायीको नाम	स्थायी लेखा नं.	घरभाडा खर्च			जम्मा भाडा	वहाल कर
			२०७९/८०	२०८०/८१	२०८१/८२		
१	सनलाईट ईन्जिनियरीङ निर्माण सेवा	६०६८८४३२१	६००००	६००००	६००००	१८००००	१८०००
२	गुनाम कन्सट्रक्सन एण्ड ग्रिल उद्योग प्रा.लि	६१०३३५०८८	१००००	१००००	१००००	३००००	३०००
३	सन्तोष निर्माण सेवा	३०२८२२०५६	२४०००	२४०००	२४०००	७२०००	७२००
	जम्मा घर भाडा र कर					२८२०००	२८२००

..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२८,२००

१४ सामाजिक सुरक्षा भत्ता

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले लाभग्राहीहरूको भत्ता वितरण सिटिजन बैंक र नेपाल बैंक लिमिटेडबाट गर्दै आएको छ। नेपाल बैंक शाखा ,पुर्विँभागको अभिलेख अनुसार ५९ जना लाभग्राहीले बैङ्कमा खाता खोलेदेखि एकपटक पनि सामाजिक सुरक्षा बापतको रकम झिकेका छैनन। ५९ जना लाभग्राहीको खातामा रू.५०५५३३.०६ जम्मा भई वसेको छ। तसर्थ, गाउँपालिकाले त्यस्ता लाभग्राहीको विवरण सेवाप्रदायक वैंकहरू सिटिजन बैंक र नेपाल बैंक लिमिटेडसँग प्राप्त गरी लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिहरूको छानविन गरी स्पष्ट रूपमा नामनमेसी खुल्ने गरि भत्ता रकम संघीय संचित कोषमा फिर्ता/ दाखिला गर्नुपर्दछ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ वमोजिम लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरि लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन।निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

१५ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ साथै सोही नियमको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,

भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानीमा बीजक तथा भरपाई भन्दा बढी भुक्तानी दिएको असुल गर्नु पर्ने रु.

गो. भौ. नं. र मिति	भुक्तानी पाउनेको नाम		भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	बढी भुक्तानी
३।२०८१।०४।१३	ईश्वरी बहादुर पुन	विभिन्न बिल भुक्तानी	२,८५,९३०	२,८२,४३०	३५००
१०३/२०८१।०७।१३	उजरमान पुन	घरभाडा	२४०००	२०४००	३६००
१२२/२०८१।०७।१३	लयन बुढा मग	घरभाडा	७,२००	०	७२००
२०८१।६।७,८ र ९	ईश्वरी बहादुर पुन	तकसेरा गाडी भाडा	३३२९००	३२३९००	९०००
२०८१।६।१८	ईश्वरी बहादुर पुन	गाडी भाडा	८१००	०	८१००
जम्मा					**३१४००**

असुल गर्नुपर्ने	३१,४००

१६ **नन फाईलर**

मूल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न फर्मलाई ७०% मू.अ.कर वापत रु१,९०,९८५ भुक्तानी दिएको र फर्महरुले कर विवरण नबुझाई ननफाईलर रहेको देखियो । पालिकाले ननफाइलर भएका करदाताको कर विवरण माग गरी कर फाइल गराउन लगाई भुक्तानी दिनु पर्दछ ।

गो.भौ.नं.	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मूअकर रकम	७०% मू.अ.कर
१८३	गुनाम कन्स्ट्रक्सन एण्ड ग्रिल उद्योग(६१०३३५०८८)	२८७४१६	३३०६५	२३१४७
१८८	तिर्सना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राली(६१९७१९३७९)	९२९४९९	१०६९३३	७४८५३
१९५	चौरीलेक निर्माण सेवा एण्ड सप्लायर्स प्राली(६२११८५२४७)	२३१६५०	२६६५०	१८६५५
१९८	आकृति एण्ड मल्टिप्रपोज कम्पनी प्रा.ली.(६०९९२१३९७)	९२३००९	१०६१८६	७४३३०
१८६	गुनाम कन्स्ट्रक्सन एण्ड ग्रील उद्योग (६१०३३५०८८)	१,५१,१९१	१७३९३	१२१७५
२०६	जलाकी कन्स्ट्रक्सन प्रा.ली. (६१०२६५८६२)	३,५१,७२३	४०४६३	२८३२४
२०७		१,१६,१७२	१३३६४	९३५४
जम्मा				**२४०८३८**

१७ **सामाजिक सुरक्षा कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **८,७६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **५,२७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२,४३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२,४३१**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२,४३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१८ **भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न कार्यको भुक्तानी गर्दा अग्रिम रुपमा कट्टी गर्नुपर्ने रकम कम कट्टी गरेको देखियो। गाउँपालिकाले देहाय अनुसारको भुक्तानीमा १५ प्रतिशत कर कट्टा नगरी १.५ प्रतिशत मात्र कर कट्टा गरेकोले नपुग असुल गर्नु पर्ने रु.

गो.भौ.नं.	विवरण	फर्म/संस्थाको नाम	भुक्तानी रकम	कम कट्टी दर(%)	कट्टी हुनुपर्ने कर	कट्टी कर	जम्मा कर
१७२	सूचना प्रकाशन तथा प्रशारण	समावेशी रुकुम मिडिया हाउस प्रा.लि.	१५०००	१५	२२५०	२२५	२,०२५
१३०	सूचना प्रकाशन तथा प्रशारण	भिजन बोर्ड प्रा.लि.	१९०००	१५	२८५०	२८५	२,५६५
१३१	सूचना प्रकाशन तथा प्रशारण	कर्मचारी अनलाईन	१९५००	१५	२९२५	२९३	२,६३२
५ र १३	सावारी साधन भाडाको	बल बहादुर बुढा	१५३७००	१०	१५३७०	१४२७०	१,१००
३९४	महिलाजनप्रतिनिधि अवलोकन भ्रमण	मिना ओली	१४००००	१.५	२१९२	०	२१९२
३५	बाल शिक्षा भवन निर्माण	मण्डली ग्रुप निर्माण उ.स.	१८०००	१०	१८००	०	१८००
जम्मा							१२३१४

असुल गर्नुपर्ने	१२,३१४

१९ **करेसावारी विविधिकरण कार्यक्रम** (८७-संघीय सशर्त / २०८१-०८-०६-):

करेसावारी विविधिकरण कार्यक्रम - गाउँपालिकाले वडा नं ९ मा साझेदारीमा करेसाबारी विविधिकरण कार्यक्रमको लागि ३०० के.जी. लसुनको विउ आपूर्ति बापत सन्तोष जनरल स्टोरलाई कुल विल रु. ९६०००।- मध्ये सम्बन्धित लाभग्राहीको ५० प्रतिशत लागत साझेदारी बापत बाट रु.४८००० भुक्तानी भएकोमा उक्त आपूर्तिकर्ताले विउको खडा बाली परिक्षण प्रमाण तथा विउ विउज प्रयोगशालाबाट गुणस्तर परिक्षण गरेको प्रमाण पेश नगरिकनै विउ वितरण गरेको देखिएकोले उक्त विउको परीक्षण कार्यको प्रमाण नराखी

भुक्तानी गरेको देखियो । गाउँपालिकाले बिउ बिजन खरिद गरी वितरण गर्दा गुणस्तरीय उत्पादनको लागि सम्बन्धित निकायबाट गुणस्तर परीक्षण गरी खरिद तथा वितरण गर्नु पर्दछ ।

२० **नयाँ आलु पकेट विकास कार्यक्रम:**

गाउँपालिकाले आलु पकेट कार्यक्रम निर्माणको लागि रु.४ लाख ८७ हजारको लागत अनुमान तयार गरी मिति २०८१।११।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८१।६।२० मा लालिगुरास घरायसी खाद्यन्न उत्पादन कृषक समूहसँगसम्झौता गरी रु.४६७२३९ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

२०.१ (२३६/२०८१-१२-१२-):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरेको प्रमाणको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक निकायले प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पाइप खन्ने कार्यको लागि ३२ MM को २८० मिटर ३० से मि चौडा र ३४ से मी गहिरो खाल्डो खनेको भनी २८.५६ घ मी पाइपको लाइन खनेको भनी प्रति घन मिटर रु.६५९ का दरले भुक्तानी भएकोमा ३२ एम एम को पाइप ६० मिटर मात्र खरिद गरेको देखिएकोले ६० मिटरमात्रको पाइप पर्ने कार्यको लागि (६०*०.३०*०.३४) ६.१२ घ मी को मात्र खन्ने कार्यको भुक्तानी दिनुपर्नेमा पाइप भन्दा बढी २२.४४ घन मिटरको प्रति घन मिटर ६५९ ले हुने रु. १४७८७ असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१४,७८७

२०.२ **पाइपको बढी मूल्य भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक निकायले प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेकेट कार्यक्रमको लागि ३२ एम एम को पाइप २८० मि लाई प्रति मिटर रु ११३.५७ र २० एम एम को पाइप १२०० मिटरको लागि प्रति मिटर रु ४५.३६ का दरले रु ८६२३२ भुक्तानी भएकोमा ३२ एम एम पाइको ६० मिटरको प्रति मिटर रु ७० र २० एम एम को पाइप १२०० मिटरको प्रति मिटर ३९ गरी रु ५१००० को मात्र विजक पेश गरेको देखिएकोले विजक भन्दा बढी भुक्तानी भएको रु. ३५२३२ असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३५,२३२

२०.३ **बढी परिमाणको भुक्तानी:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) अनुसार सार्वजनिक निकायले प्राविधिकको नाँपजाचको आधारमा तयार गरेको नापी कितावको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पलिकाले माथी उल्लेखित पकेट कार्यक्रमको लागि ३२ एम एम पाइप को २८० मिटर तथा २० एम एम पाइपको १२०० मिटरको पाइपको १५१ घन मिटर व्याक फिलिङ्ग गरेको भनी प्रति घन मिटर रु.३८० का दरले भुक्तानी भएकोमा जम्मा १० घनमटिर को मात्र भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको १४१ घनमिटरको प्रति घन मिटर रु. ३ का दरले भुक्तानी भएको रु.५३५८० असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५३,५८०

२१ **मौरीघार वितरण**

पालिकाले ५० प्रतिशत अनुदानमा मौरीको घार वितरण कार्यको लागि २० घर परिवारको १७६ वटा घारको माग भएको आधारमा प्रति घार रु ३५०० का दरले रु ६१६००० को लागत अनुमान तयार गरी विडको लागि सूचना प्रकाशन गरेकोमा रु. ५४४७२० कवोल गर्ने मनज्ञा फर्निचर उद्योग फर्मलाई सारभुत रुपमा प्रभावग्राही ठहर गरी १० दिन भित्र घार आपूर्ति गर्ने गरी मिति २०८१।११।६ सम्झौता गरी सोहि दिनमा कार्यादिश देश दिएकोमा २०८१।११।२६ गते मौरीको घार जिन्सी दाखिला गरी वितरण गरेको भनी लाभग्राहीको ५० प्रतिशत बरावरको रु २७२३६० सिधै पार्टिलाई भुक्तानी गरेको आधारमा कार्यालयले रु. ३३११६५ भुक्तानी भएको देखियो। सम्वधित आपूर्तिकर्ता उक्त सामान कुन स्थानबाट खरिद गरेको हो उक्त फर्मबाट उक्त फर्मको स्टक प्रमाणित गरेको तथा उक्त घारहरु तोकिएको

मापदण्ड अनुसार भए नभएको सम्वन्धित निकायले गुणस्तर प्रमाण पत्र पेश गर्न लगाई सामाग्रीको गुणस्तर परीक्षण गरी जिन्सी दाखिला गरी व्यवसायिकता वृद्धि हुने गरी लक्षित वर्गलाई वितरण गर्नुपर्दछ ।

२२ **स्वास्थ्य विमा**

भुमे गाउँपालिका विपन्न एवम् द्धन्द्ध पिडित नागरिकहरुका लागी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम कार्यबिधी, २०८० मा विपन्न भन्नाले गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ अनुसुची-२ मा उल्लेखित गरिव परिवार पहिचानका सूचकहरुका आधारमा वडा स्तरीय वडा स्तरीय स्वास्थ्य बीमा सिफारिस समितिबाट सिफारिस भएको व्यक्ति सम्झनु पर्ने, द्धन्द्ध पीडितभन्नाले नेपालमा भएकोसशस्त्र बिद्रोहबाटप्रभावितलाई सम्झनु पर्ने सो शब्दले सहिद परिवार र सशस्त्र बिद्रोहबाट कुनै किसिमले प्रभावित भएको परिचय खुल्ने कागजात भएको व्यक्ति समेत सम्झनु पर्ने, आर्थिक, सामाजिक रुपले समस्यामा परेको परिवार भन्नाले भुमे गापालिकाबाट वितरित ख,ग,घ श्रेणीको अपाङ्गता परिचय पत्रप्राप्त परिवार, जेष्ठ नागरिक परिवार, मानसिक रोगीपरिवार, एकल महिला परिवार, अतिअशक्त परिवार, सहारा विहिन वा असहाय नागरिक परिवार, अपाङगता(रातोकार्ड), कुष्ठरोगी, एच. आई. भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. भी) बिरामी भएका परिवार सम्झनु पर्ने भनि परिभाषित गरेको छ । साथै बुँदा नं ८ को (ख) मावडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समितिबाट प्राप्त सिफारिस साथ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, दन्द पिडितको हकमा सो ब्यहोरा खुल्ने परिचय-पत्र, अपाङ्गको हकमा गाउँपालिकाबाट जारी गरिएको परिचयपत्र, एकल महिलाको हकमा वडाबाट प्रमाणित कागजातका आधारमा स्वास्थ्य बिमा गर्ने उल्लेख छ। सोही कार्यविधिको बुँदा नं १२ मा पालिकास्तरीय स्वास्थ्य वीमा संयोजन समितिले स्वास्थ्य विमा कार्यक्रमको नियमितअनुगमनमुल्याङ्कनसमिक्षापृष्ठपोषण सुधारएंवविस्तार गर्ने उल्लेख छ। विभिन्न व्यक्तिहरुको स्वास्थ्य बिमा गर्दा लाभग्राहीहरुको परिचय खुल्ने प्रमाण कागजात र सिफारिस बेगर स्वास्थ्य विमा गरेको छ। साथै स्वास्थ्य विमा बाट लाभग्राहीहरु लाभान्वित भए नभएको सम्बन्धमा पालिकाले अनुगमनमुल्याङ्कनसमिक्षापृष्ठपोषण सुधारएंवविस्तार कार्य गरेको पाईएन । यसरी पालिकाले यस वर्ष विमा वापत भुक्तानी दिएको कानुनसम्मत नदेखिएको रु.

अनियमित भएको	१६,६४,२५०

२३ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका वडाहरुमा सामाजिक सुरक्षा भत्ता समेत प्राप्त गर्ने अपाङ्ग, ज्येष्ठ तथा विपन्न नागरीकहरुलाई प्रेसर कुकर, थर्मस, काँसको थाल तथा सिरक लगायतका सामाग्री वितरणमा खर्च लेखेको छ। यस्तो खर्चले नागरीकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविक आवश्यकता र मागमा आधारित भई पारदर्शी तवरले वितरण गरीनु पर्दछ।

गो.भौ.नं.	कार्यक्रम	वितरण समान	वडा नं.	भुक्तानी रकम
१७२	दशै, शुभ दिपावली तथा छठ पर्व २०८१ को शुभकामना प्रकाशन	सूचना प्रकाशन	पालिका	१५०००
२६७	युवा लक्षित कार्यक्रम(खेलकुद संचालन)	पुरस्कार लगाएत विभिन्न सामाग्री	पालिका	२००००००
२७५	युवा लक्षित कार्यक्रम(खेलकुद संचालन)	पुरस्कार लगाएत विभिन्न सामाग्री	पालिका	१९७९७६
७३३	जेष्ठ नागरिक अपाङ्गता तथा शहिद परिवार सम्मान कार्यक्रम	काँसको थाली	१	२२४८११
७३४	दलित लक्षित कार्यक्रम	दमाह/मादल/ट्याम्की/सनही/खैचडी	१	१०००००
८०९	युवा लक्षित कार्यक्रम	खेलकूद प्रतियोगित सञ्चालन गरेको/ सामाग्री खरिद सहित	१	४९८८९
७९७	महिला लक्षित कार्यक्रम	स्पिकर/ दराज/टेबल	१	१२८०००
७८४	अपाङ्गता तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम	ब्लाङकेट	२	२९७८९५
२७५	युवा लक्षित कार्यक्रम	खेलकूद प्रतियोगित सञ्चालन गरेको/ सामाग्री खरिद सहित	३	१९७९७६
७२५	अपाङ्गता तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम	प्रेसर कुकर	४	२८९५९२
७५६	अपाङ्ग तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम	उलनको बर्को	५	१५००००
४६०	युवा लक्षित कार्यक्रम	जर्सी	६	५५५५०
८५३	जेष्ठ नागरिक तथा घाइते अपाङ्गता लक्षित कार्यक्रम	छाता	७	१२४०००
८६१	युवा लक्षिक खेलकुद व्यवस्थापन	जर्सी	८	५५६५०
६५४	दलित लक्षित कार्यक्रम	आरण निर्माण	९	१०००००
८०१	जनजाति लक्षित कार्यक्रम	कुर्सी/ टेबल/ दराज	९	८५०००
८०१	युवा लक्षित कार्यक्रम	खेलकूद प्रतियोगित सञ्चालन गरेको/ सामाग्री खरिद सहित	९	८५०००
जम्मा				**२३५६३३९**

२४ **मागमा आधारित अनुदान कार्यक्रम**

पालिकाले द्वन्द्व पिडित, घाइते, अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जनका लागि साझेदारीमा मागमा आधारित अनुदान कार्यक्रम शीर्षकमा नेपाल सरकारको वित्तीय समानीकरण अनुदान शीर्षकबाट रु ५००००० तथा राजश्व बाँडफाँडबाट समेत गरि जम्मा १०००००० खर्च गरेको छ। पालिकाले आफ्नो क्षेत्राधिकार बाहिर द्वन्द पिडित को सिफारिस गरेको लाभग्राहीको निवेदन, वडाको सिफारिस र कार्यक्रमको योजना तथा नागरिकताको प्रतिलिपि संलग्न राखि एकमुष्ट रकम उपलब्ध गराएको। उक्त रकम खर्च गर्दा

कार्यविधिमा व्यवस्था भएबमोजिम लक्षित परिवार सम्म पुगे नपुगेको अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरेको पाईएन। छनौट प्रकृयाका बारेमा कार्यविधिमा व्यवस्था नगरी सेवाग्राहीलाई एकमुष्ट रुपमा भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	१५,००,०००

२५ **आँखा उपचार केन्द्र**

मिति २०८१/०६/१५ माग्रामिण आँखा केन्द्र संचालनको लागि नेपाल आँखा कार्यक्रम अन्तरगत तिलगंगा आँखा प्रतिष्ठान र भूमे गाउँपालिका, रुकुम पूर्व बीच भएको सम्झौता पत्र २०८१ को बुँदा नं. ६ मा सम्पतिको हस्तान्तरण तथा जिम्मेवारी सम्बन्धि व्यवस्थामा तिलगंगा आँखा प्रतिष्ठानले खरिद गरेका उपकरणहरु आँखा केन्द्र स्थापनाको समयमा आँखा केन्द्रको नाममा हस्तान्तरण गरी दिने छ र भूमे गाउँपालिका, रुकुम पुर्वले उक्त उपकरणहरु बुझिलीई आफ्नो पालिकाको भौतिक सम्पतिको रुपमा जिन्सी दाखिला गरि प्रमाणित प्रतिलिपि तिलगंगा आँखा प्रतिष्ठानलाई प्रदान गर्नुपर्ने छ । साथै प्रतिष्ठानबाट प्राप्त भएका औषधि, चश्मा तथा अन्य सामाग्रीहरु खर्च भएर जाने जिन्सी खातामा दाखिला गरि प्रमाण पठाउनु पर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था अनुसार प्राप्त सामाग्री PAMS मा जिन्सी दाखिला गरेको छैन। पालिका अन्तरगतको आँखा उपचार केन्द्रले यस वर्ष विभिन्न शुल्क, तिलगंगा आँखा प्रतिष्ठानबाट प्राप्त औषधि लेन्स लगाएतको बिक्रीबाट रु.७३३९० राजश्व प्राप्त गरेकोमा औषधि तथा लेन्स लगाएत सामाग्री खरिद तथा कर्मचारी बाहेक विभिन्न प्रशासनिक खर्च लगाएतमा रु ५४०९९.७५ खर्च गरि बाँकी रहेको रु १९२९० पालिकाको खातामा जम्मा गरेको छ।

२६ **औषधी खरिदः**

२६.१ **पूर्व निर्धारित क्षतिपूर्ति**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **१३,६५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको निमय १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ पटक सिल कोशेसन र अर्को पटक मूल्यसुचि माग गरी निम्नानुसारको औषधि खरिद गरी रकम भुक्तानी गरेको छ।

गौ.भौ. नं र मिति	सप्लायर्सको नाम	खरिद विधि	रकम
४२२।०८१।१२।२२	समुद्र मेडिको फर्मा	दर भाउपत्र माग गरेर	३८५८०७
११०।०८१।८।२६	भोलेनाथ मेडिहेल्थ प्रा लि		४८६६३८
२०८।०८१।१२।२२	भोलेनाथ मेडिहेल्थ प्रा लि		५६०४६२
			१४३२९०७

गाउँपालिकाकालाई आवश्यक पर्ने औषधि खरिद र अन्य सरकार तथा निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति गर्ने तथा आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको छाप लगाउनु पर्नेमा खरिद गरेको औषधीको नमूना परीक्षण गर्दा औषधीको निर्माण गर्दाको बखत नै Institutional Supply उल्लेख गरेको, निर्माण मिति समाप्त हुने मिति सबै एउटै छपाई गरेको देखिएकोले आपूर्तिकर्ताले औषधि कम्पनिले बाह्य बिक्रि र संस्थागत आपूर्तिको लागि फरक फरक औषधि उत्पादन गरेको भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना वाँकी हुनुपर्नेमा नमूनागत छनौट गर्दा आपूर्ति गरी औषधि दाखिला गर्दाको

बखत उक्त औषधिको बाँकी म्याद औषधिको कुल अवधिको ७५% नरहेकोले आदि कमिकमजोरी देखिएकोले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

२७ सेनेटरी प्याड खरिद

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनिटरी प्याड वितरण गर्ने गरी सम्बन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सोको भरपाई तयार गरी अर्को महिनाको ७ गते सूचना पार्टीमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाउँपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त गो.भौ.नं. १४१/२०८१/१०/११ बाट श्री एन्जल टच हाइजिन म्यान्यूफ्याक्चर प्रा लि लाई १२५८० पाकेट प्रति पाकेट रु. ३६.८१ का दरले रु. ५२३२६७ भुक्तानी दिएको छ । प्रकृया पूरा नगरी खरिद गरेको देखिएकोले कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन सेनिटरी प्याड वितरण कार्य प्रभावकारी भए/नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्दछ ।यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन् ।

२७.१ **बढी दरमा खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायलले वार्षिक १० लाख भन्दा माथिको खरिद कार्यको लागि वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले खरिद योजना तयार नगरीकनै प्रथम पटक सिल कोटेशनको माध्यमबाट खरिद गर्दा श्री बागेश्वरी ट्रेडर्स एण्ड मिडिया हवलाई गो भौ नं ९/२०८१-६-१० बाट ८५२२ पाकेट प्रति पाकेट रु.१०१.७७का दरले रु. ९८००३० भुक्तानी दिएको छ । कार्यालयले खरिद योजना तयार नगरिकनै आवश्यकता अनुसार खरिद गर्दा खरिद पछि वोलपत्रको माध्यमबाट खरिद गर्दा निर्देशिकाको मापदण्डले तोकेअनुसारको सेनेटरी प्याड प्रति प्याकेट रु ३६.८१ का दरले आपूर्ति भएकोमा पहिला खरिद गर्दा प्रति पाकेट रु १०१.77 का दरले खरिद गरी ८५२२ पाकेटमा रु ५५३५८९.१२ बढी खर्च लेखेको छ। अरिद योजनानै तयार गरी पटक पटक खरिद गर्दा बढी खर्च भई थप व्ययभार भएको रु

अनियमित भएको	५,५३,५८९.१२

२७.२ पालिकाले उल्लेखित कार्यविधि वमोजिम समयमा नै खरिद गरी सम्बन्धित विद्यालयमा प्याड वितरण नगर्दा विद्यार्थी गुणस्तरीय स्यानिटरी प्याड प्राप्त गर्नबाट वञ्चित भएका छन् ।कार्यालयले खरिद गरिएका स्यानिटरी प्याड सुरक्षित तरिकाले गुणस्तरमा असर नपर्ने गरी भण्डारणको व्यवस्था गर्नुपर्दछ तर खरिद गरिएको स्यानिटरी प्याड मिति २०८१/९/१९ गते प्राप्त भइ दाखिला भइसकेको र हालसम्म (२०८२ श्रावण मसान्त सम्म) पनि वितरण नगरि पालिकामा हावा र पानीले असर गर्ने ठाउँमा भण्डारण गरि राखिएको पाइएकोले पालिकाले विद्यालयलाई र विद्यालयले छात्राहरुलाई वितरण गरिएको नाम नामेसि स्पष्ट खुल्ने अद्यावधिक अभिलेख र गत वर्षको स्यानिटरी प्याड मौज्दात रहे नरहेको विवरण यकिन गरि विद्यालयमा सम्पत्ति व्यवस्थापन प्रणालीबाट हस्तान्तरण गरिएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५,२३,२६७

२७.३ कार्यालयले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट प्याड खरिद गरि रु १५,८२०(२०० प्याड रु ७० को दरले) अनटाइम मेडटेक प्रा.ली.लाई भुक्तानी गरेको छ ।पालिकाले बिद्युतिय माध्यमबाट खरिद गरिएका १२,५८० वटा प्याड वितरण नगरी कार्यालयमै भण्डारण गरि राखिएका छन् ।कार्यालयमा प्याड हुदाँहुदै खरिद वितरण गरेको नदेखिएकोले स्यानेटरी प्याड वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	१५,८२०

२८ शिक्षा सशर्त

२८.१

शिक्षक विद्यार्थी अनुपात: शिक्षा नियमावली, २०५९ को नियम ७७ मा हिमाली क्षेत्रको सामुदायिक विद्यालयमा सामान्यतया प्रत्येक कक्षामा ४० जना विद्यार्थि हुनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात ३० भन्दा कम देखिन्छ।त्यसकारण गाउँपालिकाले विद्यालय आपसमा गाभेर गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२८.२ कार्यालयले स्वीकृत कार्यक्रम अनुसार विभिन्न अतिरिक्त क्रियाकलापत तथा विभिन्न खेलकुद कार्यक्रम संचालन गरेको भनी माथी उल्लेखित रकम खर्च गरेको देखिएकोले पालिकाले अनुगमन गरी उक्त कार्याक्रमले तोकिए बमोजिमको आशातित प्रगति गरे नगरेको यकिन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

२८.३ विद्यालय शैक्षिक गुणस्तर कार्यक्रम: वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय संचालन गर्ने कार्यविधि २०७६ को बुदाँ नं. ३ अनुसार अनुदान प्राप्त गर्न विद्यालय सुधार योजनाको तयारी, विद्यालयले हरेक वर्ष कारोवारको नियमित रुपमा लेखा परीक्षण, सामाजिक परीक्षण प्रतिवेदन , शिक्षक दरबन्दी नभएको हुनु पर्ने साथै बुदा नं. ८ अनुसार अनुदान रकमबाट न्युनतम योग्यता पुगेका दुई जना शिक्षकहरुको , एक जना बालकक्षा शिक्षक र एक जना विद्यालय सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदान,विद्यालय व्यवस्थापन खर्च,शैक्षिक सामग्री विकास खर्च,विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारको लागि आवश्यक अनुदान खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस विद्यालय शैक्षिक गुणस्तर कार्यक्रम अन्तर्गत जनशक्ति आधारभुत विद्यालयलाई एकमुष्ट अनुदान बापत रु.१० लाख भुक्तानी गरेकोमा कार्यविधि अनुसार प्राप्त हुनुपर्ने प्रमाण कागजात पेश गरेको देखिएन । अतः कार्यविधि अनुसारको विवरण लिई अनुदान वितरण गर्नुपर्दछ ।

२८.४ विद्यालयले तयार गरेको कार्ययोजना अनुसार बा बि के एक जनालाई मासिक रु १२००० र सहयोगी १ जनालाई मासिक १० हजार भुक्तानी गर्ने गरी समितिबाट पारित गरी कार्ययोजना तयार गरेकोमा कार्ययोजना विपरित पौष महिना देखि चैत्र सम्म बा कि के लाई प्रति महिना रु १५००० र सहयोगीलाई १२००० का दरले भुक्तानी दिएकोले देखिएकोले ४ महिनाको २ जनालाई बढी भुक्तानी भएको रु २०००० असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२०,०००

२८.५ विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को बुदा नं ४.१ अनुसार मा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु, राहत शिक्षकहरु प्रारम्भिक बाल विकासका शिक्षकहरु विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै सशर्त अनुदानको रुपमा उपलव्ध गराउने व्यवस्था रहेको छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तिको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै उक्त नियमको नियम ९८(१) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरवन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्न नहुने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्ष ३५ विद्यालय मध्ये ४ वटा विद्यालयलाई बाल विकास कार्यकर्ता १८ वटा वटा विद्यालय प्रा वि तह शिक्षक र १२ वटा निम्न माध्यमिक विद्यालयलाघ २५ जना शिक्षक अनुदान राजस्व बाँडफाँडबाट तलव भत्ता भुक्तानी गरेको देखिएकोले गाउँपालिकाले शिक्षकको दरवन्दी मिलान गरी दरवन्दी स्वीकृत गरेरमात्र तलव भत्ता निकासा दिई गाउँपालिकालाई वित्तीय भार कम गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २८.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२८.६ (५०२/२०८२-०३-१३-):

सामुदायिक सिकाइ केन्द्र संचालन: सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७८ को बुदा नं १३ अनुसार केन्द्रले सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा, प्रारम्भिक बाल विकास तथा शिक्षा,वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम,सिप विकास तालिम, वचत तथा ऋण परिचालन,सामुदायिक विकास,नागरिक शिक्षा, मानव अधिकार शिक्षा र अभिभावक शिक्षा,कानुनी साक्षरता शिक्षा,भेदभाव तथा लैङ्गिक हिंसा विरुद्धका जनचेतनामूलक कार्यक्रम, वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम,सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलापहरू, खेलकुद,व्यावसायिक तालिम र कला, साहित्य, संस्कृति, बालविकास तथा मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम संचालन गर्ने र सो मापदण्डको बुदा नं १६ अनुसार वर्षान्तमा सम्पूर्ण क्रियाकलापको विवरण देखिने गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले ४ वटा सामुदायिक सिकाई केन्द्रलाई प्रति केन्द्र रु ३ लाखका दरले रु १२ लाख भुक्तानी भएकोमा सामुदायिक सिकाई केन्द्रले संचालन गरेको कार्यक्रमको विवरण सहित क्रियाकलाप विवरण देखिने गरी लेखापरीक्षण गरेको प्रमाण पेश गर्नुपर्नेमा सो नगरेको देखिएको उक्त कार्यको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१०,००,०००

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

२९.१ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिम स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना सञ्चालन गर्न सकिने व्यवस्था छ ।गाउँपालिकाले रोजगारी सिर्जना कार्यक्रमको लागि निम्नानुसारको कार्यक्रमको लागि अदक्ष कामदार बाहेकको अन्य आइटकको रकम गाउँपालिकाबाट खर्च लेख्नु पर्नेमा संघीय शसर्तबाट खर्च लेखेकोले उक्त नपाउने रकम संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

गो भौ नं र मिति	योजनाको नाम	भुक्तानी भएको आइटम र परिमाण	औजार बाहेक को भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढी भुक्तानी
४५२। ०८२।३। १२	पोखरी देखि भेडा खर्च मसानघाटसम्म घोरेटो बाटो मर्मत	एक्साभेसन २५८ घ मी	५३४	५५१	४१२८
४९९। ०८२।३। १८	लामीडाँडा देखी गाबाङ सम्म घोरेटो बाटो र ध्रुम घोरेटो बाटो निर्माण	एक्काभेसन ४७० घ मी	५३४	५७७	२०२१०
४८३। ०८२।३। १६	गुरिल्ला पदमार्ग निर्माण भूमे ७ धर्मशाला	एक्काभेसन ६९५ घ मी	५३४	५७७	२९८८५
५००। ०८२।३। १८	झोलुङ्गे पुल देखी झारेखोला, गवन पानी देखी साङ्ग्रा हुदै सिमचौर सम्मको बाटो निर्माण	एक्साभेसन ७५७ घ मी	५३४	५५०	१२११२
५३७। ०८२।३। २२	फैचलबाल्ने देखी मा.वि. कुचिबाङ सम्म जाने वाटो निर्माण	एक्साभेसन कार्य ३८२	५३४	६६०	४८१३२
		सोलिङ्ग कार्य ९६ क्यू मि	२३००	३५९२	१२४०३२
	साइट आर्यघाट निर्माण	एक्साभेसन १८५ क्यू मि	५३४	६५९	२३१२५
		व्याक फिलिङ्ग ३१ क्यू मी	३३४	४१२	२४१८
जम्मा					२६४०४२

असुल गर्नुपर्ने

२९.२ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम गाउँपालिका अन्तर्गत ९ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ४१५ महिला र १९८ पुरुष गरी ६१३ जना सूचीकृत भएकोमा जम्मा ७१ जनालाई औसत ८५ रोजगारी दिन रोजगारी उपलव्ध गराई रु. ४६ लाख ३५ हजार श्रमिक ज्याला खर्च गरेको छ । गाउँपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३० **निजी विद्यालय नियमन र तथ्यांक अद्यावधिक**

शिक्षा नियमावली, २०५९ को नियम २६ मा प्रत्येकवर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लोशैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक प्रगति सार्वजनिक गर्ने, उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा

जानकारी गराउने विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानुन बमोजिम लेखापरीक्षण गरी पेस गर्ने, तथ्यांक अद्यावधिक गर्ने लगायत संस्थागत विद्यालयको व्यवस्थापन समितिका काम, कर्तव्यर अधिकार तोकेको छ । यस गाउँपालिका अन्तर्गत सञ्चालित २ संस्थागत विद्यालयको अनुमति, कक्षा थपको विवरण परीक्षण गर्दा भौतिक पूर्वाधार भवनको सम्झौता गरेकोमा घर भाडा कर र सम्पत्ति कर नबुझाएको, प्रत्येक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्र पेस नगरेको, छात्रवृद्धि वितरण विवरण पेस नगरेको लगायत विवरण पेस गरेको देखिएन । यस सम्बन्धमा कानुन अनुसार करको दायरामा ल्याई नियमन र तथ्यांक अद्यावधिक गर्नु पर्दछ ।

३१ **शैक्षिक ऋण**

भूमे गाउँपालिका शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७(पहिलो संशोधन) २०८० को दफा २.१ मा भूमे गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने गरिब तथा जेहेन्दार तथा जेहेन्दार विद्यार्थीलाई भुमे गाउँ पालिका कार्यालय गाउँ कार्यपालिकाको अधिकतम रु. ५ लाख सम्म नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक शिक्षातर्फ ऋण दिन सक्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट ३ विद्यार्थीलाई देहाय अनुसार रु.६६५६००।- ऋण उपलब्ध गराएको छ । उपलब्ध विवरण अनुसार ऋण दिदाँ विद्यार्थीको सक्कल प्रमाणपत्र संलग्न नगरेको, भर्ना भएको विद्यालयको सिफारिस पत्र, दोस्रो किस्ता भुक्तानी गर्दा परिक्षामा सामेल भई उतिर्ण गरे नगरेको, जेहेन्दार र गरिबीको पहिचान नगरेको, सम्बन्धित विद्यालयको खातामा जम्मा नगरेको, कोर्ष पूरा भएको विद्यार्थीको प्रमाण पत्र संलग्न नगरेको, फिर्ताको लागि पहल नगरेको, दोहोरो छात्रवृद्धि दिएको अवस्था स्वघोषणा नगरेको र सुविधा प्राप्त विद्यार्थीले गाउँपालिकामा अनिवार्य सो क्षेत्रमा काम गर्ने कबुलनामा नगरेको तथा प्राविधिक कोर्षको ऋणको वर्गीकरण नगरी एकमुष्ट दिई सोको अभिलेख र अनुगमन समेत गरेको देखिएन । कार्यविधिलाई कानुन बमोजिम थप व्यवस्थित गरी दोहोरो सुविधा नहुने गरी परिमार्जन गर्नु पर्दछ ।

क्र. स.	**नाम थर**	**ठेगाना**	मिति	संकाय	ऋण दिएको	दोस्रो	**जम्मा**	**अध्ययन अवधिक समाप्त हुने समय**	**फिर्ता रकम**
१	विवेक बुढा मगर	भूमे-२	२०७८/०३/29	ISC AG	१५००००	१५००००	३०००००	२०७९	३०००००
२	सुप्रिया पुन मगर	भूमे-5	२०८१/02/04	Diploma in H.A.	१८५४००	१२५०००	३१०६००	2082।१२।१५	
३	सिज बुढा मगर	भूमे-६	2081/09/03	मनोसमाजिक परामर्श	५५०००	०	५५०००	२०८१।१०।२३ मापदण्ड नपुगेको	५५०००
	जम्मा								३५५०००

भूमे गाउँपालिका शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७(पहिलो संशोधन) २०८० को दफा ५.१ शैक्षिक ऋण रकम शैक्षिक कोर्ष पूरा गरेको १,२,३,४ वर्ष कूल सावाँको २५, ५०, ७५ र १०० प्रतिशत रकम चुक्ता गर्नु पर्ने र समयमा चुक्ता नगरेमा ५ प्रतिशत हर्जना गरी अभिभावक र निजको साक्षी बसेका व्यक्ति तथा पालिकाबाट प्रदान हुने सेवा समेत बञ्चित गरी सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार विद्यार्थीलाई ऋण प्रवाह गरेकोमा शैक्षिक कोर्ष पूरा गरी तोकिएको किस्ताबन्दी रकम, ब्याज र हर्जना असुल गर्न सम्बन्धित ऋणीलाई पत्राचार गरेको देखिएन । अतः कार्यविधि अनुसार तोकिएको समय भित्र ऋण चुक्ता नगरेको ऋण ब्याज र हर्जना असुल गर्नु पर्ने रु.

नोट- निराजन कामीको रु.१ लाख ५० हजार र प्रचण्ड बुढा मगर रु.१ लाख समेत रु.२ लाख ५० हजार आर्थिक वर्ष २०७९।८० प्रतिवेदनमा समावेश भएकोले घटाईएको छ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **१५०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,०५,०००

३२ **लेखापरीक्षण प्रतिवेदन**

शिक्षा नियमावली, २०५९ को नियम १७१ मा सामुदायिक विद्यालयको लेखापरीक्षक नियुक्ति गरी लेखा परीक्षण गराउने व्यवस्था छ । शिक्षा युवा तथा खेलकुद विकास शाखा सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखियो । उक्त माध्यमिक विद्यालयका लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको सर्शत र गाउँपालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम रु.६५६०८३।– विद्यालयबाट असुल गर्नु पर्ने रु.

क्र.सं.	विद्यालयको नाम	विवरण	अनुदान रकम	खर्च रकम	फरक
१	शहिद शुक्र माध्यमिकविद्यालय सिमा	भवन निर्माण अनुदानप्रदेश	६१७२५१०	६१३६७०२	३५८०८
२	श्री माध्यमिकविद्यालय कुचिवाङ्ग	दिवा खाजा	३५३९७०	१८२१५४	१७१८१६
३	श्री माध्यमिकविद्यालय कुचिवाङ्ग	दिवा खाजा भान्से तलबभत्ता	५००००	२५०००	२५०००
४	श्री सरस्वती माध्यमिकविद्यालय सिमखोला	दिवा खाजा	३२९६१०	२०४५४३	१२५०६७
५	श्री सरस्वती माध्यमिकविद्यालय सिमखोला	शौचालय फरफारक	३५०००	०	३५०००
६	श्री त्रिवेणीमाध्यमिक विद्यालय काक्री	दिवा खाजा	२२२३१५	१२५४९६	९६८१९
७	श्री जनशक्ति मा.वि.काडा	दिवा खाजा	२८२२१०	२३१९३०	५०२८०
८	जन जनजागृति माध्यमिकविद्यालय,महत	दिवा खाजा	३३४८९०	२७७८०९	५७०८१
९	श्री नेपाल राष्ट्रियमा.वि. ,चुनवाङ्ग	दिवा खाजा	१६७३८५	१०८१७३	५९२१२
	जम्मा				६५६०८३
				असुल गर्नुपर्ने	६,५६,०८३

३३ **नमूना विद्यालय अनुदान(अन्तर्गतश्रीनेपाल राष्ट्रिय मा.वि. ,चुनवाङ्ग)-**

नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका -२०७५ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०८०/०५/०५ गते (माननीय मन्त्रीस्तरबाट स्वीकृत) स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धितकार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०/८१ कप९.८ मायस निर्देशिकाको अनुसूची १० भएका विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा तत्कालीन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्ने भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने । यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी को शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा विद्यालयमा ५०० भन्दा कम विद्यार्थी भए प्रति विद्यालय ३० लाख, ५०१ देखि १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख र १००० भन्दा वढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस् शीर्षकबाट उपलब्ध गराउने। उक्त रकम विद्यालयको गुरुयोजनाअनुसार खर्च गर्ने। विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने व्यवस्था छ। यस पालिका अन्तर्गत श्रीनेपाल राष्ट्रिय मा.वि. ,चुनवाङ्गलाई आर्थिक वर्ष २०८०।८१ मारु.२९९९९८१।— नमुना विद्यालय अनुदान उपलब्ध गराएको देखियो । नमूना विद्यालयको कार्ययोजना अनुसारदेहायका शीर्षकमा खर्च गर्ने योजनामा उल्लेख गरेकोमा योजना भन्दा न्युन खर्च गरेको देखियो । उक्त अवधि आर्थिक वर्ष २०८०।८१ लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको नमूना अनुदान सर्शत र सालबसाली रुपमा खर्च

गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम रु.४४६८५४ ।—विद्यालयबाट असुल गर्नु पर्ने रु.

क्र.सं.	विवरं			
१	जनशक्तिव्यवस्थापन	८७१०००	१११९४३०	
२	अतिरिक्त	६५५०००	६००६३६	
३	विद्यालयव्यवस्थापन	१५००००	३४६२७०	
४	फर्निचर	१००००००	४१५९१९	
५	प्रविधि मैत्रीविद्यालय	४०००००	३६३११२	
६	क्षमता विकास	३५००००	१३३३००	
७	अभिभावक भेला	७४०००	०	
	जम्मा	३५०००००	२९७८६६७	५२१३३३
	अनुपात(पालिका	०.८६		४४६८५४
	बढी भुक्तानी			४४६८५४

असुल गर्नुपर्ने	४,४६,८५४

३४ **लाखरखोला सामुदायिक भवन निर्माण** (१८१।०८२।३।२२-):

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **१२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५ **लागत भन्दा बढी रकम भुक्तानी**

गाउँपालिकाले आखाँ केन्द्रमा टाइल विच्छ्याउने कार्यको लागि 25 mm thick mosaic with 6 mm marble chips over 12.5 mm thick cement plaster including police rub कार्यको लागि पालिकाले स्वीकृत गरेको रु २९६२ प्रति घन मिटर को दरको आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा रु. ४२६२ प्रति घन मिटर राखी रु.३१४२६१ लागत अनुमान तयार गरी मूल्य सूचि माग गरी रु.२९७९१९ कवोल गर्ने मेजेस्टीक इन्जिनियरिङ्ग मल्टि सर्भिस प्रा.लि. रु २९७९१९ को कार्यसम्मपन्न भएको आधारमा रु.२९७९१९ भुक्तानी भएकोमा गाउँपालिकाले तोकिएको न्यून दर राखी लागत अनुमान तयार गर्दा रु.६०३५१ थप व्ययभार परेको रु.

असुल गर्नुपर्ने	६०,३५१

३६ **विद्यालयमा वाल उद्यान निर्माण** (३।०८२।३।२४ -):

लुम्बिनी प्रदेशद्धारा जारी भएको विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ को बुदा नं ५ अनुसार बुदा नं ३ उल्लेख भएका कार्यक्रम समावेश गरी निर्माण कार्यको योजना तयार गरी प्रस्ताव पेश गर्ने र बुदा नं १० अनुसार जुन कार्य तथा योजनाको लागि बिनियोजन भएको बजेट आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद नियमावली अनुसार खर्च गर्नुपर्ने उल्लेख गरेको भएकोमा पालिकाले स्वीकृत कार्यक्रममा खरिद नियमावली अनुसार लागत अनुमान तयार गरी खरिद कानुन अनुसार सिलबन्दी दरभाउपत्रबाट कार्य गराउनुपर्ने उल्लेख छ ।भूमे गाउँपालिका भित्रका २६ मध्ये १२ विद्यालयमा वाल उद्यान निर्माण पालिकाले प्रदेश विशेष योजना अन्तर्गत विनियोजन भएको बजेट रु २० लाख विनियोजन भएकोमा त्यसलाई ३ टुक्रा पारी ३ वटा विद्यालयमा विद्यालय बाल उद्यान तयार गरेको भनी गो भौ नं ३।०८२।३।२४ बाट पि के एजुकेशन सप्लायर्स लाई रु ८ लाख , ओके बागेश्वरी फाइवर एण्ड मेटल इन्डष्ट्रिज लाई ८ लाख र गो भौ नं ५।०८२।३।२४ बाट रासी एकुजेशनल इन्टरप्राइजेजलाई रु ३९९९९६ गरी रु १९९९९९६ भुक्तानी गरेको देखियो । वर्षान्तमा टुक्रा पारी खरिद कार्य भएको भनी भुक्तानी गरी कार्यविधि विपरित भएको हुदा आगामी दिनमा कार्यविधि अनुसार तोकिएको योजनामा खरिद कानुन अनुसार खरिद कार्य गर्नुपर्दछ ।

३७ **गाउँपालिकाको कभर्ड हल बाउन्डरी तथा मर्मत**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **११,२३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८ **बढी भुक्तानी** (७/२०८१।०६।०६-):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२४,७०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **१०,३५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **रानीबास-क्वीपा क्षेत्रमा पर्यटकिय सम्भाव्यता अध्ययन(भूमे गाउँपालिका पुँजीगत)**

भूमे गाउँपालिका पुँजीगत रानीबास-क्वीपा क्षेत्रमा पर्यटकिय सम्भाव्यता अध्ययनको विस्तृत परियोजना निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न श्री पि.एस ईञ्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.(६०९५३२४८१) मिति २०८०।८।२८ मा रु.१४८७१९३ सम्झौता भई सोही रकम भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्मानुसार रहेका छन्-

३९.१ **कार्यक्षेत्रगत शर्त अनुसार काम नभएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बीजक प्राप्त भएपछि सार्वजनिक निकायले त्यस्तो बिल वा बीजक खरिद सम्झौता उल्लिखित प्रावधान बमोजिमको भए नभएको जाँच गरी सो अनुरुपको नभएमा सोको जानकारी सम्बन्धित परामर्शदातालाई तुरुन्त दिनु पर्ने व्यवस्था छ। गाउँपालिकाले कार्यक्षेत्रगत शर्त अनुसार काम गरे नगरेको चेकजाँच श्री पूर्वाधार शाखा प्रमुख सन्तोष घर्तिमगरलाई जिम्मेवारी तोकेकोमा काम चेक जाँच नगरी लेखापरीक्षणको क्रममा माग गर्दा तल उल्लेखित प्रतिवेदन पेस गरेको देखिएन । पेस विस्तृत परियोजना प्रतिवेदन कार्यक्षेत्रगत शर्त अनुसार प्रतिवेदन पेस नभएकोमा जाँच गरी भुक्तानी कट्टी गरेको देखिएन । कार्यक्षेत्रगत शर्त अनुसार काम नगर्ने परामर्शदाता र चेक जाँच गर्ने कर्मचारीलाई जिम्मेवार बनाई काम नभएको रकम असुल गर्नु पर्दछ ।

Scope of work	
Technical	
Master plan	Yes
Interaction with local and relevant government	Yes
Developing a Business Case	No
Marketing Assessment and production mix	No
Swot analysis	
Location map(site plan)-water supply network map, drainage network map, electricity network map	No
Land Acquisition plan	No
Bill of quantity	रु.३८३८४००८.३५
Cost estimate and rate analysis	Yes
Project report	No
Appraisal report	No
Recommendation and implementation of project	
3D modeling of Ranibash- Kuipa region – visualization	Yes
Financial and Economic	
Estimate capital cost	No
Financial analysis	No
Economic assessment	No
Development Modality and implementation plan	No
Possible way of ppp Modality	No
Assessment of commercially viable operational modality	No

३९.२ **पूर्वनिर्धारित क्षतिपूर्ति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । रानीबास-क्वीपा क्षेत्रमा पर्यटकिय सम्भाव्यता अध्ययनको विस्तृत परियोजना निर्माण कार्यको लागि श्री पि.एस ईञ्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.(६०९५३२४८१) मिति २०८०।८।२८ मा रु. रु.१४८७१९३ मा ६० दिन भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा परामर्शदाताबाट मित २०८१।३।२३ मात्र विस्तृत परियोजना प्रतिवेदन अन्तिम प्रतिवेदन पेस भई जिन्सी दाखिला भएको देखियो । सम्झौता अनुसार ढिला भएको ४ महिना अवधिको पूर्वनिर्धारित क्षतिपूर्ति १४८ दिनको रु. ७४३५ वा १० प्रतिशत (घटी) रु.१४८७१९। असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,४८,७१९

३९.३ **बढी भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका जनशक्तिको फिल्डको कामको लागि भनी रु. सम्झौतामा उल्लेख गरेकोमा उक्त कामको फिल्डमा खटेको हाजिर तथा प्राविधिकको सिफारिस बेगर भुक्तानी गरेको देखियो । परामर्शदाताले पेस गरेको विवरणमा सबै जनशक्तिले काम नगरी माथि उल्लेखित प्रतिवेदन समेत पेस गरेको देखिएन । विस्तृत परियोजना प्रतिवेदन तयारी गर्दा कार्यक्षेत्रगत शर्त निश्चित समय फिल्डमा गरेको प्रमाण र सिफारिस बेगर भुक्तानी गरेको रु.२८५६००।- समेत नभएकोले असुल गर्नुपर्ने रु.

विवरण	संख्या(TOR) दिन	पेस भएको दिन	दर	फिल्डको कार्य दिन	जम्मा रकम
Team leader	६०	४५	३२००	१५	४८०००
Tourism expert	६०	३०	३२००	१५	४८०००
Sociologist		२०	२९००	१०	२९०००
Architect	४५	२५	२९००	१०	२९०००
Environment expert	३०	१८	२९००	८	२३२००
Hydrologist/metrologist	३०	१८	२९००	८	२३२००
Economist	३०	१८	२९००	८	२३२००
Geotechnical expert	३०	१८	२५००	८	२००००
Transportation engineer	४५	३०	२८००	१५	४२०००
					२८५६००

असुल गर्नुपर्ने	२,८५,६००

३९.४ (१९२।२०८२।३।२४-):

कार्यक्षेत्रगत शर्त भन्दा बढिको लागत अनुमान तयारी तथा रकम भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस परामर्श कार्यमा विस्तृत परियोजना प्रतिवेदन तयारी गर्दा कार्यक्षेत्रगत शर्त तयार गर्दा सर्भेयर २ जना उल्लेख गरी सोही अनुसार सम्झौता भएकोमा भुक्तानी गर्दा सर्भेयर ३ जनाको भुक्तानी गरेको १ जनाको १५ दिनको प्रति दिन रु.२०००।– का दरले रु.३००००।– बढी भुक्तानी गरेको देखियो। सम्झौता उल्लेख भएको भन्दा बढी हुने गरी बढी सर्भेयरलाई भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

४० **५ शैया अस्पताल(एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम)**

४०.१ पाँच शैयाको चुनवाङ अस्पताल निर्माणका लागि निर्माण व्यवसायी प्रकृति-रिभिट रोल्पा जे.भि.(EGP/BRMO/NCB/W-14/2077-78)सँग रु.६,९५,०६,३०६।९९ (मु.अ.कर समेत) मा सम्झौता भएकोमा रु. ६११७६२२६.४८ भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् ।

आर्थिक वर्ष	मिति	गोश्वारा भौचर	विल	विल रकम	खुद भुक्तानी रकम	भुक्तानी दिन बाँकी
२०७८/७९	२०७९-०१-२६	४	प्रथम रनिङ विल	२१२२२६४८.८८	२१२२२६४८.८८	**०**
२०७९/०८०	२०७९-०७-२२	२ र ३	दोस्रो रनिङ विल	२२४९६९६५.८९	२२४९६९६५.८९	**०**
२०७८/७९	२०७९-११-१५	५	तेस्रो रनिङ विल	९९४४३६७.७१	९९४४३६७.७१	**०**
२०८१/०८२	२०८१-०३-२६	१	चौथो रनिङ विल	३३९७११९.००	३३९७११९.००	**०**
२०८१/०८२	२०८२-०३-२५	८	अन्तिम विल	१५१३८८७०.७३	४११५१२५.००	**११०२३७४५.७३**
जम्मा					**६११७६२२६.४८**	**११०२३७४५.७३**

४०.२ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सम्म व्यवस्था छ। यो वर्ष आधारभुत ५ शैया अस्पताल निर्माण आयोजना भूमे गाँउपालिका र प्राकृतिक रेभिट रोल्पा, जेभि विच २०७८।०३।२५ मा सम्झौत्ता भई र प्राकृतिक रेभिट रोल्पा, जेभिले २४ महिना भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो कार्य हुन नसकि भूमे गाँउकार्यपालिकाको मिति २०८०।०९।२७ निर्णयले अन्तिम पटक ६ महिना लागि म्याद थप गरी आयोजनाको निर्माण सम्पन्न मिति २०८१।०३।२५ सम्म कायम गरेपननिर्माण कम्पनी प्राकृतिक रिभिट जे.भि.रोल्पा ले सम्झौत्तामा उल्लिखित समयसम्म पनी आयोजना सम्पन्न गर्न नसकेको अवस्थामा सार्वजनिक खरिद नियमावली को १४ औं संशोधनको प्रावधान अनुसार तीन महिना थप गरेकोमा कार्यसम्पादन जमानत नलिई म्याद थप गरेको देखियो । यसरी कानुन वाहिरको परिस्थिति बाहेक कानुनमा परिवर्तन गरी म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनपर्दछ।

४०.३ **आइटम भेरियसन** - निर्माण व्यवसायी प्रकृति-रिभिट रोल्पा जे.भि.र गाउँपालिकाबिच भएको सम्झौताको सामान्य शर्त नं. ४६ मा बि.ओ.क्यु र अन्तिम नापी किताब सम्बन्धित आइटम २५ प्रतिशत र शुरु सम्झौताको रकमको २ प्रतिशत परिवर्तन भएमा आयोजना प्रमुखले मूल्य समायोजन गर्ने व्यवस्था छ । गाउँपालिकाले यस पाँचौ रनिङ्ग बिल भुक्तानी वि.ओ.क्युमा नभएको रिटेनिङ्ग वालमा देहाय अनुसार १६७.११ घन मिटर कार्य गरी भुक्तानी गरेको तथा Stone masonry work (1:6) substructure मा सम्झौता रकम रु. ६,९५,०६,३०६।९९ को २ प्रतिशत रु.१३९०१२६।– र यस आइटममा समेत ३०.२१ प्रतिशत बढी परिमाणमा भुक्तानी भएकोले आयोजना प्रमुखले मूल्य समायोजन बेगर भुक्तानी भएको रु. ५८७१४१.७२ थप व्ययभार परेको रु.

Stone masonry work (1:6) substructure						
Description	**No.**	**Length**	**Breadth**	**Height**	**Quantity**	**Remarks**
Retaining Wall						
Wall 1	1	11.45	1.65	4	75.57	
Wall 2	1	8.97	1.65	4	59.2	
Wall 3	1	4.9	1.65	4	32.34	
जम्मा घन मिटर					**167.11**	
यस वर्षको दर ओभरहेड सहित	रु.मा	१३२१३.५				
भुक्तानी दिनुपर्ने दर	रु.मा	११४८६.५	३५१३.५	१२.०७ प्रतिशत घटेको		
भुक्तानी दिएको दर	रु.मा	१५०००				
बढी भुक्तानी दर	रु.मा	३५१३.५				
बढी भुक्तानी	**रु.मा**		**५८७१४१.७२**			

अनियमित भएको	५,८७,१४१.७२

४०.४ **पि.एस रकम भुक्तानी** - निर्माण व्यवसायीसँग गरेको सम्झौताको बुदा नं सामान्य सम्झौताको शर्त नं. १९. २ मा निर्माण व्यवसायीलाई साइट मोविलाईज गर्नु अधि डि.एल.पि. अवधिसम्म बिमा गरेको प्रमाण पेश गर्नुपर्ने र आयोजना प्रमुखबाट स्वीकृत भइसकेपछि मात्र कार्य गर्नुपर्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीसँगम्याद थप अवधि २०८२।६।२५ र डि.एल.पि. अवधिसम्म २०८३।७।२४ सम्म कायसम्पन्न अवधिको मात्र बिमा आधारमा बिमा बापत रु. ३१२३०० भुक्तानी गरेको देखियो । सम्झौताको शर्त अनुसारम्याद थप हुदाँ पेस भएको देखिएन । डि .एल.पि. अवधिसम्म बिमा नगरी बिमा बापत भुक्तानी भएकोले सोको विमा पोलिसि पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३,१२,३००

४०.५ **एज बिल्ट ड्रइङ्ग** - पाँच शैयाको चुनवाङ अस्पताल निर्माणका लागि निर्माण व्यवसायी प्रकृति-रिभिट रोल्पा जे.भि.र गाउँपालिकाबिच भएको सम्झौताको सामान्य तथा विशेष शर्त ७१.२ मा एज बिल्ट ड्रइङ्ग simultaneously with handover of the project भनी उल्लेख छ । गाउँपालिकाले यस पाँचौ रनिङ्ग बिल भुक्तानी गर्दा पि.एस आइटममा एज बिल्ट ड्रइङ्ग बापत रु.१लाख भुक्तानी गरेको छ। लेखापरीक्षणको क्रममा उक्त एज विल्ट ड्रइङ माग गर्दा पेश नभएकोले सम्झौता अनुसार रिटेन्सनमनीबाट कट्टा गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१,००,०००

४०.६ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले ५ शैया भवनको भुक्तानी गर्दा अन्तरसम्बन्धित आइटम (बिम, कोलम,भ्वाइड लगायत भिडान) तथा दोहोरो नापी गरी देहाय अनुसार नापी फरक गरी रु. १३५९२८१.५ भुक्तानी गरेको देखियो ।अतः बढी भुक्तानी भएको असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

विवरण	लम्बाई	चौडाई	उचाई	परिमाण	हुनुपर्ने उचाई	परिमाण	फरक परिमाण	दर	रकम	कैफियत
Earth back filling										
Between grid 1-1 and 2-2	५३.४०	६.२०	०.६८	२२३.४७	०.६२	२०५.२७	१८.२०			खन्ने उचाई सोलिङ्ग पि.सि.सी घटाउँदा पुरेको हाइट बढी भएको .०५ मिटर
Between grid 2-2 and 3-3	५३.४०	६.२०	०.६८	२२३.४७	०.६२	२०५.२७	१८.२०			
Between grid 3-3 and 4-4	८.८५	४.०२	०.६८	२४.०१	०.६२	२२.०६	१.९५			
Between grid 3-3 and 5-5	६.२०	७.५८	०.६८	३१.७२	०.६२	२९.१४	२.५८			
Between grid 3-3 and 5-5	१३.१०	७.५८	०.६८	६७.०२	०.६२	६१.५६	५.४६			
stone soiling	घन मिटर						४६.३९	२००.००	९२७८.१६	
For Tie Beam										
Grid 1-1	५१.४५	०.५५	०.१५	४.२४	०.३०	२.३२	१.९२			बिमको साइज०.३ मात्र रहेको रहेकोमा ०.५५ मिटर उचाई राखी नापी गरेको
Grid2-2	५१.४५	०.५५	०.१५	४.२४	०.३०	२.३२	१.९२			
Grid 3-3	५१.४५	०.५५	०.१५	४.२४	०.३०	२.३२	१.९२			
Grid 4-4	८.५५	०.५५	०.१५	०.७०	०.३०	०.३८	०.३२			
Grid 5-5	६.०५	०.५५	०.१५	०.४९	०.३०	०.२७	०.२२			
	१२.८०	०.५५	०.१५	१.०५	०.३०	०.५८	०.४७			
Grid a-a	१५.६७	०.५५	०.१५	१.२९	०.३०	०.७१	०.५८			
Grid b-b	१५.६७	०.५५	०.१५	१.२९	०.३०	०.७१	०.५८			
Grid c-c	१५.६७	०.५५	०.१५	१.२९	०.३०	०.७१	०.५८			
Grid d-d	१२.१०	०.५५	०.१५	०.९९	०.३०	०.५४	०.४५			
Grid e-e	१२.१०	०.५५	०.१५	०.९९	०.३०	०.५४	०.४५			
Grid f-f	१८.२३	०.५५	०.१५	१.५०	०.३०	०.८२	०.६८			
Grid g-g	१८.२३	०.५५	०.१५	१.५०	०.३०	०.८२	०.६८			
Grid h-h	१२.१०	०.५५	०.१५	०.९९	०.३०	०.५४	०.४५			
Grid i-i	१८.२३	०.५५	०.१५	१.५०	०.३०	०.८२	०.६८			
Grid j-j	१८.२३	०.५५	०.१५	१.५०	०.३०	०.८२	०.६८			
Grid k-k	१८.२३	०.५५	०.१५	१.५०	०.३०	०.८२	०.६८			
	३५६.२१						१३.२७	३०००.००	३९८११.६५	
PCC M(10)	३५६.००	०.५५	०.०८	१४.६९	०.३०	८.०१	६.६८	१२०००.००	८०१००.००	
Structural Concrete(1:1.5:3)				६४०.६५		५७४.२०	६६.४५	१७०००.००	११२९६५०.००	बिम पहिलो तलमा
Formwork				११२२.०६		९२२.०६	१००	८५०	८५०००	

										नभएको बिम दोहोरो परेको
Brick Work										
Above Plinth Leve l (Ground Floor)										
Grid F-F	६.१३	०.२३	२.९४	४.१४	६.०५	४.०९	०.०५			चौडाई ६.०५मिटर हुनु पर्नेमा ६.१३ मिटर भएको
Grid G-G	६.१३	०.२३	२.९४	४.१४	६.०५	४.०९	०.०५		०.००	
Grid I-I	६.१३	०.२३	२.९४	४.१४	६.०५	४.०९	०.०५		०.००	
Grid K-K	१८.२३	०.२३	२.९४	१२.३२	१७.३०	११.६९	०.६३		०.००	
							०.७७	२००००.००	१५४४१.८२	
	जम्मा								**१३५९२८१.५**	

असुल गर्नुपर्ने	१३,५९,२८१.५

४०.७ **भेरिएशन तथा कार्य स्वीकार प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली,२०६४ को ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । साथैसार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरियशन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा भेरियशन जारी गर्दा प्राविधिक पुष्टाई समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस अस्पताल भवनको शुरु सम्झौता कर समेत रु.६९५०६३१२.६४रहेकोमा भुक्तानी गर्दा कार्य स्वीकार प्रतिवेदनमा रु.७२२९९९७२.२३ कामको मूल्याकंन गरी कार्य स्वीकार प्रतिवेदन जारी गरेको पाइयो । पालिकाले उक्त कामको प्राविधिक पुष्टाई सहितको भेरियशन स्वीकृत गरेको देखिएन । अतः भेरियसन आदेश स्वीकृत वेगर सम्झौता भन्दा रु.२७९३६६०।- बढी मूल्याकंन गरी भुक्तानी दिन बाँकी दायित्वमा राखेकोले उक्त रकम कट्टा गरी भुक्तानी हुनु पर्ने रु.

असुल गर्नुपर्ने	२७,९३,६६०

४१ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न देहायका सफ्टवेयरमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनुसार रु. १४६४७६० खर्च गरेको देखियो।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

संकेत नं.	विवरण	परिमाण	रकम
६११३२३१००००४	नाम उल्लेख नभएको सफ्टवेयर	४	१४६४७६०

४२ **प्रशासनिक भवन(स्थानीय भवन पूर्वाधार कार्यक्रम)**

गाउँपालिका र ए.सी. कन्स्ट्रक्सन प्रा.लि.(६०९८०४६१२)बिच गाउँपालिकको प्रशासनिक भवन निर्माण गर्न मिति २०८१।१।२६ मा रु.११६७९७९९९.९९ मा २०८३।१।२६ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु.१८६०००००।- भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

४२.१ **पि.एस रकम भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१३३,८२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२.२ **पेश्की भुक्तानी-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था रहेको छ। पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी बाँकी रकम कार्य प्रगतीको आधारमा पेश्की दिन सकिने व्यवस्था छ। साथै सम्झौताको शर्त नं. ५७ मा २० प्रतिशत पेश्की दिने व्यवस्था छ । गाउँपालिकाले मू.अ.कर बाहेक रु.९,९९,९९,९९९.४१ सम्झौता गरेकोमा सोको २० प्रतिशतले हुने रु.१९९९९९९९.८८पेश्की दिनुपर्नेमा रु.२३३०००००।- पेश्की दिएकाले निर्माण सम्झौता भन्दा रु.३३०००००.१२ बढी पेश्की दिएको बार्षिक १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,३०,०००

४२.३ **ठेक्कामा अग्रिम कर** -आयकर ऐन, २०५८ को दफा ८९(१) मा बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माणाधिन प्रशासकीय भवनको ठेक्का बिल भुक्तानी गर्दा पि.एस आइटम रु. ३१९५२२५।- को मू.कर बाहेक २८२७६३२.७४ को अग्रिम कर १.५ प्रतिशतले हुने रु.४२४१५।– कट्टा नगरी भुक्तानी गरेको देखियो । अतः नपुग कर रु.४२४१५।– असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	४२,४१५

४२.४ **मूल्य समायोजन बढी भुक्तानी-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौता अन्यथा व्यवस्था भएको बाहेक बाह्र महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारले मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ । साथै सम्झौताको सामान्य तथा विशेष शर्तको ५३ मा राष्ट्र बैंकको सूचकको आधारमा श्रम, निर्माण सामग्री र मेशिन क्रमश .२५, ०.५ र .१० अनुपातमा बढीमा सम्झौता रकमको २५ प्रतिशतसम्म मूल्य समायोजन भुक्तानी दिन मिल्ने सम्झौतामा उल्लेख छ । गाउँपालिकाले दुई ठेक्का बिल भुक्तानी गर्दा मेशिनको सूचक राष्ट्रबैंकको सूचक नलिई नेपाल आयल निगमको लिएको र राष्ट्र बैंकको वार्षिक सूचकलाई नलिई प्रोभिनल सूचकले गणना गर्दा देहाय अनुसार रु. ९२४४४२.२१ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

विवरण	आधारदर	भुक्तानीदर	भुक्तानीअनुपात	भुक्तानीदिने सूचक	भुक्तानीभएको सूचक	फरकसूचक	भुक्तानीरकम	बढीभुक्तानी
स्थिर	१.००	१.००	०.१५	०.१५				
श्रम	५३६.५६	५९२.२९	०.२५	०.२८		Provisional		
निर्माणसामग्री	१३७.८०	१३४.४०	०.५०	०.४९				
मेशिन	१३७.८०	१३८.३०	०.१०	०.१०		नेपाल आयल निगम अनुसार		
				१.०१४०	१.०६३०	०.०४९०	७०६०९७१.७५	३४६०४०.८१
							११८०२२९५.४०	५७८४०१.३९
	जम्मा							९२४४४२.२१

असुल गर्नुपर्ने	९२,४४२.२१

४२.५ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले निर्माणाधिन प्रशासकीय भवनको भुक्तानी गर्दा अन्तरसम्बन्धित आइटम भुक्तानी गर्दा (बिम, कोलम,भ्वाइड लगायत भिडान) तथा दोहोरो नापी गरी भुक्तानी गरेको देखियो । अतः बढी भुक्तानी भएको असुल रु. २७१३८३६.०५ गरी संघीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

Item No.	Description of Items		Work done Up to Date Contractor		Actual Work done	Difference with Actual	Differnce in Amount
			Qty	Amount (NRs)	Qty		
	CIVIL WORK					-	-
1	EARTHWORK =	Cum	989.77	197,954.51	763.54	226.24	45,247.11
3	EARTHWORK =Earthwork in Back filling in foundation	Cum	593.86	118,772.71	537.90	55.96	11,192.71
4	EARTHWORK =Transportation of soil for external filling from 10m distance	Cum	406.62	81,324.45	173.17	233.45	46,690.65
5	EARTHWORK =Sand Filling,	Cum	63.98	19,194.75	-	63.98	19,194.75
6	EARTHWORK =500 gauge polythine sheet laying work	sq.m	426.55	85,310.00	-	426.55	85,310.00
7	EARTHWORK =Providing, laying stone soling	sq.m	974.26	974,255.00	796.58	177.68	177,679.00
8	CONCRETE WORKS= Concrete of grade M10	Cum	148.95	2,085,237.00	62.80	86.15	1,206,093.00
10	CONCRETE WORKS=PCC for RCC)M20	cu.m.	201.39	3,222,180.00	260.85	(59.46)	(951,420.00)
11	CONCRETE WORKS= M20 for RCC	Cum	63.62	1,017,920.00	84.34	(20.72)	(331,520.00)
12	REINFORCEMENT	MT	66.97	8,371,001.98	53.53	13.44	1,680,126.98
13	FORMWORKS	Sqm	451.47	248,310.70	243.90	207.57	114,165.70
14	FORMWORKS	Sqm	757.91	416,851.60	197.60	560.31	308,171.60
१५	Form work		463	254980	76	387.6	213180
16,a)	Random Rubble Stone Masonary Work with 1:4	cu.m.	105.46	1,154,808.90	100.69	4.77	52,275.30
	जम्मा						२६७६३८६.८
	मूल्य समायोजन						३७४४९
	कुल भुक्तानी						२७१३८३६.०५

असुल गर्नुपर्ने	२७,१३,८३६

४३ **भवन प्याकेजिङ्ग(संघीय सशर्त)**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२९०,७७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **सम्भाव्यता अध्ययन/डी.पी.आर -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष ३४ कार्यमा रु.१८७०५१६९ र यो वर्ष १ कार्यमा रु. १४८७१९३।- समेत कुल रु. २०१९२३६२ खर्च गरेको छ। यसरी विस्तृत परियोजनामा खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष

अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

४५ अधुरो निर्माण कार्य

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायी ले व्यहोर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्षसम्मका २ सेवा प्रदायकले तोकिएको समयमा कार्य सम्पन्न नगरेको कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको देखिएन। सम्झौता अवधिको शत प्रतिशत अवधि समाप्त हुँदा पनि व्यवसायीले कार्य नगरेको कारणले आयोजना अधुरा रहेको छ। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण/आपूर्ति कार्य गर्नु पर्दछ। सो अनुसार नगर्ने व्यवसायीको कारणबाट आयोजनाको समय र लागत वढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर वढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ।

ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	शुरु सम्झौता	म्याद थप	सम्झौता रकम	भुक्तानी रकम
EGP/BRMO /SQ/W-15।२०८०।८१	दोमही सडक निर्माण ठेक्का	सकार निर्माण सेवा	२०८१।०१।२१	२०८१।८।३१	१३६९६५५	८६६७०४
EGP/BRMO/NCB/SCH/W-18/2079-80	अन्य पूर्वाधार निर्माण	थापा नहकुल तरुण जे भी	२०८०।०७।२२		१४२४८०३६	४५०००००

४६ कोल्ड स्टोर्स निर्माण

गाउँपालिकाले २०० मेट्रिक टन कोल्ड स्टोर निर्माणको लागि रु ३ करोड १३ लाख ५० हजारको लागत अनमान तयार गरेर ठेक्का आव्हान गरेकोमा रु २ करोड ६८ लाख ५४ हजार(मू अ कर र पि एस बाहेक) कवोल गर्ने ईभिना निर्माण सेवालाई मिति २०८२।११।११ निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०८०।११।११ सम्झौता गरी कार्यादेश दिएकोमा हालसम्म ३ वटा रनिङ्ग विलबाट रु २ करोड ५० लाख भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

४६.१ खरिद सम्झौता अनुसार कवोल अंकको २० प्रतिशत पेश्की भुक्तानी गर्नेगरि सम्झौता गरेकोमा खरिद सम्झौता रकम रु २ करोड ६८ लाख ५४ हजारको २० प्रतिशतले हुने रु ५३ लाख ६० हजार ९७२ पेश्की भुक्तानी दिनुपर्ने रु ६० लाख ९० हजार भुक्तानी दिई रु ७ लाख १९ हजार ०२८ बढी पेश्की दिएकोले उक्त रकमको २ वर्षले हुने व्याज बापत रु १ लाख ४३ हजार असुल गरि दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,४३,०००

४६.२ खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने पालिकाले निम्नानुसारको आइटममा नापी किताव भन्दा बढी भुक्तानी भएको रकम असुल गरी भुक्तानी गर्नुपर्ने रु

आइटम	नापी अनुसार भुक्तानी हुनुपर्ने परिमाण	भुक्तानी भएको परिमाण	दर	बढी भुक्तानी
५० mm गोलाइ पाइप (५ वटा पाइप हुनुपर्नेमा १० वटा पाइप को नापी गरेको)	१२६ के जी	२५३	१५०	१९०५०
व्याक फिलिङ्ग	१५०	१७५	२००	५०००
एक्साभेसन(डि पि आर मा नभएको)	०	११८	५००	५९०००
फर्म वर्कको फाउन्डेशन विम र पिलिन्थ विममा दिई दोहोरो परेको (BOQ मा सिन्लग मात्र भएको)	१३८	६९	४५०	३१०५०
Providing and applying two or more coats of first quality hundred percent acrylic paint of approved shade and pattern to the exterior walls of buildings etc., The rates shall include for scrapping , washing the surface with water, applying a coat of approved quality water base cement primer, surface preparation, scaffolding etc., all complete as per the manufacturer's recommendations and as approved by the Engineer.	पूर्ण रुपमा कलको काम पूरा नभएको।	९८	५००	४९०००
ह्वाइलेट व्लकमा प्रलिन ४ वटा भएकोमा ५ वटा को भुक्तानी	(४*५*४.९३)= ९८ के जी	(५*५*४.९३)=१२४ के जी	१५०	३९००
मेसिन रुम बल्कमा Rafter 4*2 को ८ मिटर को हुनुपर्नेमा 4*4.25 राखि 17 भएको	३९	८४	१५०	६७५०
ट्रान्सफर्मर निक कम्पनीको १२५ के भि को भनेकोमा अन्य कम्पनिको ७५ के भीको मात्र भएको			१००००००	१००००००
वम्मा				११७३७५०

असुल गर्नुपर्ने	११,७३,७५०

४६.३ निर्माण व्यवसायीसँग गरिएको सम्झौताको GCC Clause १९.२ अनुसार Policies and certificates for insurance shall be delivered by contractor to the project manager for the Project manager's approval before the start date उल्लेख रहेको तथा SCC कल्जको वुदा नं GCC १९.१ अनुसार उल्लेख भएका प्रावधान अनुसारको विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले निर्माण कार्य सुरु भएको ६ महिना ढीला जारी भएको विमाको प्रमाण पेश गरेको साथै SCC CLAUSE अनुसार औजार उपकरणको विमा नगरेको साथै प्लान्ट, ल्यावर तथा प्रोजेक्टको अधिक्तम् घटाउन पाउने रकम रु ५ लाख भएकोमा निर्माण व्यवसायीले दावी रकमको १ प्रतिशत लेखेको साथै तेस्रो पक्ष सम्पतिको कभरेज नपुगेको विमा गरेको प्रमाण पेश पेश गरी रु १९८८२६१ भुक्तानी भएकोमा सम्झौताको SCC अनुसार मापदण्ड नपुगेको साथै खरिद सम्झौता हुने वित्तीकै विमा गरेर प्रोजेक्ट म्यानेजरबाट एप्रुभ गरेर मात्र कार्य गर्नुपर्नेमा सो नगरेको देखिएकोले उक्त विमा बापत भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१९,८८,२६१

४६.४ **मालसामनको निरीक्षण र स्वीकृति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामनको सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको यकिन गरी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले Capacity: 16.63kW Supply, Delivery, Installation, Testing and Evaporator Unit of Capacity of following capacities. कार्यको Testing and Evaporator Unit of Capacity of following capacities गराएको प्रमाण नै पेश नगरिकनै ४ वटा यूनिटको प्रति यूनिट रु १० लाखका दरले रु ४० लाख भुक्तानी भएको मा उक्त कार्यको टेष्ट गरेको प्रमाण पेश गर्नुपर्नुपर्दछ।

४७ संघीय कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था तथा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालनन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४६ मा प्रदेश वा स्थानीय तहमार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई सङ्घीय निकायको एकाइको रूपमा कार्यालय कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने व्यवस्था छ। पालिकाले संघीय कार्यालयहरुलाई पालिकाको बजेटबाट विभिन्न शीर्षकमा खर्च गरेको देखियो । आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन तथा नियमावली व्यवस्था अनुसार संघीय कार्यालयलाई स्थानीय तहले बजेट (अन्तर-सरकारी अख्तियारीः) दिने व्यवस्था नगरेकोले देहाय अनुसार भुक्तानी दिएको खर्च अनियमित देखिएको रु.

गो.भौ. नं.	मिति	विवरण	भुक्तानी
५७७	०२/०१/२०८२	प्रहरीपोष्टमा होडिङ वोर्ड निर्माणको रकम भुक्तानी ।	५१९८०
७३९ र अन्य	०३/१९/२०८२	लुकुमअस्थायी प्रहरी पोष्ठको घर भाडा वापतको रकम घरधनी श्री मदन वुढालाई भुक्तानी ।	१२००००
८०८	०३/२२/२०८२	१ नं.वडाको प्रहरी चौकीमा आवश्यक सामाग्री खरिदको रकम भुक्तानी ।	५९९०६
८१७	०३/२३/२०८२	जिल्लाप्रशासन कार्यालयका कर्मचारीहरुको भ्रमणखर्च रकम भुक्तानी ।	१४०००
१३८	२०८१।७।२८	विभिन्न प्रहरी कार्यालयलाई	३००००
१२२		जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व सोलार खरिद	२०००००
जम्मा			२७५८८६

अनियमित भएको	२,७५,८८६

४८ वडा नं ७ वडा कार्यालय भवन निर्माण

पालिकाले वडा नं ७ भवन निर्माण कार्यको लागि रु. २४९७६१४३(मू अ कर तथा पि एस बाहेक रु २१७६६४९८) (पछि भेरियसन गरी रु २ करोड ७२ लाख १० हजार कवोल अंक कायम भएको) कवोल गर्ने शुमभ निर्माण सेवालाई २०८२।१०।२७ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१०।२६ मा सम्झौता गरी कार्यदिश दिई भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

४८.१ डि पि आर मा उल्लेख भएको आइटम भन्दा बढी आइटम र बढी दरमा राखी वि ओ क्यू राखी भुक्तानी भएका निम्नानुसारको आइटमहरु फरक तथा रेट बढी तथा नया आइटम समेत थप गरी BOQ तयार गरी खरिद कार्य गराई खरिद कार्य मितव्ययी भएको देखिएकोले आगामी दिनमा विस्तृत अध्ययन प्रतिवेदन अनुसार खरिद कार्य गर्नुपर्दछ।

DPR मा भएका आइटम र दर	BOQ मा सवावेश आइटम र मूल्य	बढी दर
विमा रु ५००००(एकमुष्ट)	विमा बापत १५००००(पि एस आइटम)	१०००००
ल्याव टेष्ट २००००(एक मुष्ट)	ल्याव टेष्ट ९००००(पि एस आइटम)	७००००
	वाटर सप्लाइ चार्ज	१५०००
	पालिका रिजष्ट्रेसन फि	२००००
जम्मा		२०५०००

४८.२ खरिद सम्झौताको बुदा नं GCC 34.3 अनुसार कन्ट्राक्टरले २५ दिनको अवधिमा प्रोग्राम अपडेट गर्नुपर्ने र सो नगरेमा रु ५००० रोक्का राख्ने व्यवस्था रहेकोमा निर्माण कार्यको पुरा भएको अवधिमा समेत उक्त कार्य नभएको देखिएकोले कार्यालयले खरिद सम्झौता अनुसार गर्नुपर्छ ।

४८.३ खरिद सम्झौता को बुदा नं GCC 57.1 अनुसार कवोल अंकको २० प्रतिशत पेश्की भुक्तानी गर्नेगरि सम्झौता गरेकोमा खरिद सम्झौता रकम रु २ करोड १७ लाख ६६ हजारको २० प्रतिशतले हुने रु ४३ लाख ५३ हजार पेश्की भुक्तानी दिनुपर्ने रु ४९ लाख ९५ हजार भुक्तानी दिई रु ६ लाख ४२ बढी पेश्की दिएकोले उक्त रकमको १०% हुने व्याज बापत रु ६४ हजार असुल गरि दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६४,०००

४८.४ भेरियसन आदेश: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४(१) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको बखत सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरियसन आदेश स्वीकृत गर्न सकिने अवस्थामा निर्माण कार्यको सुरुवात चरणमा सजिलै अनुमान गर्न सकिने तथा विस्तृत अध्ययन को क्रममा आवश्यकता महसुस नभएको ड्रेन निर्माण कार्यको भेरियसन गरी भुक्तानि दिने कार्य नियमसम्मत नदेखिएकोले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

४८.५ **सक्कल विल पेश नभएको**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४१,५९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **महत रंगशालामा ग्याबिनवाल तथा शौचालय निर्माण** (७८/२०८२-०२-२६-):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२७,९७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **बढि परिमाण भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३२,७६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **सोलार ब्याकअप खरिद**

बढी भुक्तानी:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक निकायले प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। गाँउपाालिकाले सोलार ब्याकअप खरिद वापत रु २,००,००० प्रतिक्षा आ.ई.सिई बहुसेवा कम्पनी प्रा.ली. लाई भुक्तानी गरेको छ ।संलग्न कागजात अनुसार खरिद आदेश रु १,६८,१४० को दिएको र दाखिला प्रतिवेदनमा मुल्यअभिवृद्धि कर सहित रु १,८९,९९९ को सामग्री दाखिला गरेको तर खरिद आदेश र दाखिला प्रतिवेदनमा भएको रकम भन्दा बढि रकम रु २,००,०० भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी रु १०,००१ असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१०,००१

५२ **बिल पेश नगरी भुक्तानी**

प्रमाण बेगर भुक्तानी:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सार्वजनिक निकायले कुनै बिल तथा रनिङ्ग बिलको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले प्रोभिजनल सम र लमसम आईटमको विभिन्न योजना तथा आयोजनाहरुको PS Item/LS Item वापतको रकम भुक्तानी गर्दा बिल पेश नगरी भुक्तानी गरेकोले निम्नानुसारको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

गोभौनं	योजना	उपभोक्ता समिति	आईटम	भुक्तानी रकम
८३	मोराबाङ सिढि निर्माण	सार्वजनिक विकास उस	सूचना बोर्ड	४,०००
९८	लालिगुँरास युवा क्लब खेलमैदान घेराबार तथा गेट निर्माण	धरम पानी उपभोक्ता समिति	Iron Pipe Top Cap(LS)	७,५००
१०९	घोरनेटि ढल निकास	सिमखोला कोर्जा निर्माण उस	विविध खर्च (LS)	५,०००
१२३	जवाली छर्रा खानेपानी ट्याङ्कि मर्मत	डालिबाङ लेखबेसि उस	विविध खर्च	५,०००
१२७	वडा कार्यालयमा अस्थाई शौचालय निर्माण	पोखरापाटा उपभोक्ता समिति	विविध खर्च (PS)	५,०००
१२९	खेबाङ खानेपानी मर्मत	सैपातुङ निर्माण उस	विविध खर्च (PS)	५,०००
१३०	दर्फमा खानेपानी ट्याङ्कि निर्माण	तल्लो साकिम विकास निर्माण उस	विविध खर्च (PS)	५,०००
१३६	कोर्जा आधारभूत स्वास्थ्य चौकी पलासेन्ट पिट निर्माण	पोखरापाटा उपभोक्ता समिति	विविध खर्च ()	४,०९७
१४४	झुम्लाबाङ खेलमैदान निर्माण तथा घेराबार	सुनौलो विहानी निर्माण उस	विविध खर्च	५,०००
१४५	मैबाङ सामुदायिक भवन निर्माण	जनचाहाना उस	विविध खर्च	२८३०
१४६	आरुडाँडा खानेपानी मर्मत	युवा गाउँ विकास निर्माण उस	विविध खर्च	३,३३०
	जम्मा			५१,७५७

असुल गर्नुपर्ने	५१,७५७

५३ **वडा नं १ भवन निर्माण**

पालिकाले वडा नं १ भवन निर्माणको लागि रु २ करोड ९३ लाखको लागत अनुमान तयार गरी खरिद ठेक्का आव्हान गरेकोमा रु २३०४४९२७(मू अ तथा पि एस आइटम बाहेक कवोल अक रु २००५७४५८) कवोल गर्ने शुभम् भट्टराई जे भी लाई मिति २०८२।२।४ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८०।२।४ मा सम्झौता गरी कार्यदेश दिई कार्य भएकोमा अन्तिम विल गो भौ नं ४५। ०८१।१०।२९ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो।

५३.१ खरिद सम्झौताको GCC71.2 अनुसार AS BUIIT DRAWING आवस्यक नपर्ने भनी खरिद सम्झौता गरेकोमा अन्तिम विल बाट AS BUIIT DRAWING बापत रु १ लाख भुक्तानी गरेको साथै निर्माण कार्य AS BUIIT DRAWING समेत पेश नगरेको

देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,००,०००

५३.२ खरिद सम्झौता को बुदा नं GCC 57.1 अनुसार कवोल अंकको २० प्रतिशत पेश्की भुक्तानी गर्नेगरि सम्झौता गरेकोमा खरिद सम्झौता रकम रु २ करोड ५७ हजारको २० प्रतिशतले हुने रु ४० लाख ५१ हजार पेश्की भुक्तानी दिनुपर्ने रु ४६ लाख ८ हजार भुक्तानी दिई रु ५ लाख ५६ बढी पेश्की दिएकोले उक्त रकमको १०% हुने व्याज बापत रु.५५ हजार असुल गरि दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५५,०००

५४ **मोराबाङ खेलमैदान घेराबार** (७७-2082-02-26):

गाउँपालिकाले इन्द्रेणी सार्वजनिक विकास उपभोक्ता समितिलाई मोराबाङ खेलमैदान घेराबार वापत रु ३,९३,३६० भुक्तानी गरेको छ । उपभोक्ता समितिले घेराबार गर्नको लागि ४.८ मिटर लामा ५०mm Dia Black पाइप ४९ वटा खरिद गरेको देखिन्छ तर प्राविधिक मूल्यांकन प्रतिवेदनमा ५७ राखी ३८.४ रनिङ्ग मिटर बढी परिमाण नापी गरी भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी भएको रु.२२,४२६ असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२२,४२६

५५ **फर्निचर तथा फिक्चर्स खरिद**

कार्यालयले बाट फर्निचर तथा फिक्चर्स खरिद वापत रु ४,७८,४६४ शिवानी होम डेकोर सप्लायर्सलाई भुक्तानी गरेको छ ।संलग्न कागजात अनुसार खरिद आदेश रु ३,९८,४२० को दिएको र दाखिला प्रतिवेदनमा मुल्यअभिवृद्धि कर सहित रु ४,५०,२१४।६ को सामग्री दाखिला गरेको तर खरिद आदेश र दाखिला प्रतिवेदनमा भएको रकम भन्दा बढि रकम रु ४,७८,४६४ भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी रु २८,२५० असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२८,२५०

५६ **पर्यटन पूर्वाधार कार्यक्रम:**

गाउँपालिकाले पर्यटन विभागको चं न १३० को मिति २०८१।९।१६ मा ऐतिहासिक स्थलको संरक्षण तथा पर्यटन प्रर्वद्धन(भेरीडाँडा पर्यटन विकास तथा वातावरण संरक्षण केन्द्र) को निर्माणको लागि तोकिएको बमोजिमको योजनामा टुक्रा नपारी सार्वजनिक खरिद नियमावली तथा अन्य प्रचलित कानून अनुसार खर्च गर्ने गरी रु.२ करोड बजेट विनियोजन भएकोमा भुमे गाँउपालिका वडा नं ९ भेरीडाँडा, चुनवाङमा सङ्ग्रालय तथा स्तम्भ निर्माण सम्भाव्यता अध्ययन कार्यको लागि रु. १७९१४५१८।- भुक्तानी गरेको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

५६.१ योजनाको टुक्रा: विभागले गरेको पत्राचार गरेको पत्रमा जुन योजनाको लागि बजेट विनियोजन भएको सो योजनामा खर्च गर्नुपर्ने भनी उल्लेख भएकोमा कुन योजना मा खर्च गर्ने कुन कुन कार्य गर्ने हो सो को विस्तृत अध्ययन प्रतिवेदन नै नभएको अवस्थामा गाउँपालिकाले आफ्नै तजविज अधिकार प्रयोग गरी बजेट रकमलाई टुक्रा पारी खर्च गर्ने कार्यलाई तोकिएको आयोजनामा खर्च भए नभएको यकिन गर्ने आधार नभएको हुदा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

५६.२ डकुमेन्ट्री खर्च- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ अनुसार सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा यस नियमको उपनियमा उल्लेख भएका विषयहरु समावेश गरी कार्यक्षेत्रगत शर्त तयार गर्ने र नियम ७१ अनुसार २० लाख रुपैयासम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा कम्तिमा १५ दिनको म्याद दिई उपनियम २ मा उल्लेख भएका विषयहरु समावेश गरी प्रस्ताव पेश गर्नुपर्ने र सो को आधारमा उर्तिण हुने परामर्शदातासँग सेवा खरिद गरी कार्यक्षेत्रगत शर्त अनुसार परामर्श सेवा स्वीकृत भएपश्चात सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेव्यवस्था छ गाउँपालिकाले पर्यटन पूर्वाधार कार्यक्रम मा विनियोजित बजेटबाट भेरीडाँडा,

चुनवाङमा सङ्ग्रालयको डकुमेन्ट्री भिडियो तयार जनयुद्धका ऐतिहासिक पक्ष र त्यसको महत्वबारे वित्तचित्र निर्माणको लागि देहायका दुई फर्मलाई खरिद विधि पूरा नगरी कार्यक्रम टुक्रा गरी रु.१० लाख भुक्तानी गरेको देखियो ।

गो.भौ.नं. र मिति	फर्मको नाम	कामको विवरण	रकम
३।०८२।३।२०	लोटस नेपाल मिडिया प्रा.लि.	भेरीडाँडा, चुनवाङ्मा सङ्ग्रालयको डकुमेन्ट्रि भिडियो तयार	७०००००
५।०८२।३।२०	ग्रिक मिडिया प्रा.लि.	वित्तचित्र निर्माण	३०००००
जम्मा			१०००००

गाउँपालिकाले माथि उल्लेखित कार्यको लागि कार्यक्षेत्रगत शर्त तयार नगरी खरिद कानुनको प्रक्रिया पूरा नगरी सम्बन्धित भेरीडाँडा, चुनवाङमा सङ्ग्रालयको डकुमेन्ट्रि नभई अन्य गाउँपालिकाले समेत तयार पारेको रुकुम पूर्व जिल्ला भिडियो तयार गरेको भनी कार्यक्रम टुक्राई खर्च गरेकोले उक्त रकम रु. १० लाख असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,००,०००

५६.३ कार्य अख्तियारी: अन्तर सरकारी वित्त व्यवस्थान ऐन २०७६ अनुसार संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई अनुदान प्रदान गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले संघीय सरकारबाट अनुदान प्राप्त रकम पुन: ललितकला प्रतिष्ठानको रुपमा उपलव्ध गराई कार्य गरेको देखिएकोले दोहोरो अनुदान वितरण कार्य भएकोले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५६.४ फोटो छाप्ने र क्यानभास फोटो डिजाइन कार्य -सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ अनुसार सार्वजनिक निकायले १ लाख भन्दा माथिको खरिद कार्य गर्न लागत अनुमान तयार गरी खरिद विधि अनुसार खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्यको सार्वजनिक निकायले स्वीकार गरेपछि खरिदकर्तालाई सम्झौता अनुसारको रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत जनयुद्धको लगायतका बैठकको विभिन्न फोटोहरुहरु छाप्ने र क्यानभास फोटो डिजाइन तयार गर्न दुई फर्म २२०० थान फोटोको लागि रु.१९१४४१९।- भुक्तानी गरेको देखियो ।

गो.भौ.नं. र मिति	फर्मको नाम	कामको विवरण	संख्या	प्रति फोटो छपाई दर रु.	जम्मा रकम
९।०८२।३।२३	काठमाण्डौ बेड्डिङ्ग प्रा.लि.	फोटो छपाई	११००	७९३.४५	९८९९००
११।०८२।३।२३	बेस्ट आर्ट टेक्नोलोजी	क्यानभास तस्विर	११००	८४०.७१	९२४५१९
	जम्मा				१९१४४१९

गाउँपालिकाले खरिद प्रक्रिया पूरा नगरेको तथा लेखापरीक्षणको अवधिमा समेत उक्त तस्विरहरु संङग्रालयम राखेको प्रमाण नदेखिएको तथा कार्यक्रम टुक्राई विस्तृत परियोजना प्रतिवेदनले उल्लेख गरे भन्दा फरक काम गरेकोले शर्त विपरित काम गरेको उक्त रकम संघीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१९,१४,४१९

५७ **ललितकलासम्बन्धी विविध कलाकृति सिर्जना**

सशस्त्र विद्रोहसँग सम्बन्धित विविध विषयमा ललितकलासम्बन्धी विविध कलाकृति सिर्जना गरी रुकुम (पूर्वीभाग) भूमे गाउँपालिका वडा नं.९ चुनवाङ, भेरीडाँडामा प्रतिस्थापन गर्ने सम्बन्धमा नेपाल ललितकलाप्रज्ञा-प्रतिष्ठान र भूमे गाउँपालिकाविच भएकोसमझदारी-पत्र २०८१मा आर्थिक वर्ष २०८१।८२ भित्र सम्पन्न गर्ने नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले गर्ने कामहरूप्रचण्डको पूर्णकदको मूर्ति, सहिद कामी बुढाको पूर्णकदको मूर्ति , आन्दोलनको मर्म झल्किने सहिद स्तम्भसहित र चुनवाङका ३० जना सहिदका सालिक लगायत काम गर्न विनियोजन भएको रु.२ करोडमध्ये कलाकृति सिर्जनासम्बन्धी कार्यमा यस समझदारीमा उल्लेख भएबमोजिम दोस्रो पक्षमार्फत खर्च हुने रु.१ करोड ५० लाख रकम प्रथम पक्षले दोस्रो पक्षलाई अनुदानका रूपमा उपलब्ध गराउने छ । यसरी रकम उपलब्ध गराउँदा

दोस्रो पक्षबाट तयार भएको परियोजना प्रस्ताव प्रथम पक्षबाट स्वीकृत भई दोस्रो पक्षलाई कार्यादेश दिएपछि कुल बजेटको ७० प्रतिशत रकमे र कार्यसम्पन्न भई कलाकृति रप्रतिवेदन प्राप्त भएपछि बाँकी ३० प्रतिशत रकम उपलब्ध गराइने र काम सम्पन्न भएपछि खर्चको विवरणहितको प्रतिवेदन दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने उल्लेख छ । ललितकला प्रतिष्ठानले देहाय अनुसार कार्य गर्न कार्य क्षेत्रगत शर्त अनुसार भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म कार्य सम्पन्न गरी सङ्ग्रालय निर्माण कार्य गरेको देखिएन । सम्झौताको शर्तमा अनुसार समयमा काम सम्पन्न गर्नु पर्दछ ।

चित्रकलातर्फकोखर्च				
विवरण	ईकाई	संख्या	दर	रकम
चित्र ("३०X४०") कलाकार पारिश्रमिक	वटा	१५	५५०००	८२५०००
चित्र ("४८X६०") कलाकार पारिश्रमिक	वटा	१५	७५०००	११२५०००
स्टेचरसहितलिनेन क्यानभास("३०X४०")	वटा	१५	४०००	६००००
स्टेचरसहितलिनेन क्यानभास("४८X६०")	वटा	१५	५०००	७५०००
गेसो	के.जि.	१०	१६००	१६०००
तेलरंग (४०एम.एल.एक्रिलिक	सेट	३५	६०००	२१००००
वानिस(७५ एमएल)	सेट	४०	२५०	१००००
लेनसिड	सेट	४०	२५०	१००००
आयल(Oil)	सेट	४०	३००	१२०००
				२३४३०००
मूर्तिकलातर्फकोखर्च विवरण				
पूर्णकदकोमूर्ति ६ फिट उचाई पित्तल (प्रचण्ड र कामी बुढा)	वटा	२	१२००००००	२४०००००
अर्धकदकोमूर्ति(सम्पूर्ण सामग्री सहितको	वटा	४१	२३५०००	९६३५०००
तयारी चित्रमूर्ति ढुवानी काठमाडौ देखि रुकुमसम्म				१५००००
अनुगमन बैठकतथा यातयात खर्च				३०००००
विविध				१२२०००
				५७२०००

५८ **ललितकला प्रतिष्ठानको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम अन्य कोषमा जम्मा गर्न, स्वदेशी व्यक्ति, फर्म, संस्था वा कम्पनीले स्थानीयस्तरमा भुक्तानी हुने गरी प्रतितपत्र खोल्न, सार्वजनिक संस्थानमा लगानी गर्न वा प्रदेश तथा स्थानीय तहमा रकम हस्तान्तरण गर्न पाइने छैन भनी उल्लेख छ ।समझदारी-पत्र २०८१ मा भएपछि खर्चको विवरणहितको प्रतिवेदन दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा ललितकला प्रतिष्ठानबाट खर्च सम्बन्धी विवरण माग गर्दा देहाय अनुसार खर्च गरेको विवरण प्राप्त भएको देखियो । प्रतिष्ठानले समेत जंगबहादुर पहाडी र दिनेश्वर महतोलाई रु.३३२००००।– पेश्कीभुक्तानी गरेको तयारी चित्रमूर्ति ढुवानी काठमाडौ देखि रुकुमसम्म ढुवानी तथा अन्य सोधभर्ना योग्य खर्च रु.५७२०००।– को विवरण पेस गरेको देखिएन । प्रतिष्ठानले आर्थिक वर्ष २०८१।८२ मा कार्य सम्पन्न गरेको देखिएन । नियमावली अननुसार जेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम

अन्य कोषमा जम्मा गर्न दिएकोदिएकोले पेस्की रु.३३२००००।– र विविध खर्च रु.५७२०००।– समेत रु.३८९२०००।– प्रतिष्ठानबाट फिर्ता गरी सञ्चितकोष दाखिला गर्नु पर्ने रु.

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

२०८१ साल श्रावण देखी २०८२ असार मसान्त सम्म

भुमे गाँउ पालिकाको चित्र तथा मूर्ति सिर्जना सम्बन्धी खर्च विवरण

क.स	विवरण	रकम रु.
१	भुमे गाउँपालिका सहकार्य बापत प्राप्त रकम बैंक दाखिला गर्न आवश्यक	
२	पेश्की भुक्तानी जंगबहादुर पहाडी भुमे गा.वि.स सहकार्य	६३०,०००.०
३	पेश्की भुक्तानी दिनेश्वर महतो भुमे गा.वि.स सहकार्य	२,२९०,०००.०
४	भुमे गाउँपालिका सहकार्य पारिश्रमिक भुक्तानी	१,२६०,०००.०
५	सुचि प्रिन्टी इन्टरप्राईजेज लाई भुक्तानी भुमे गाउँपालिका सहकार्य	४६२,१७०.०
६	पेश्की भुक्तानी जंगबहादुर पहाडी भुमे गा.वि.स सहकार्य	४००,०००.०
७	भुमे गाउँपालिका सहकार्य बापत प्राप्त रकम बैंक दाखिला गर्न आवश्यक	
८	पारिश्रमिक भुक्तानी संग्रहालय निर्माण कार्य भुमे गाँउ पालिका सहकार्य	३००,०००.०
९	एस. सी. निर्माण सेवा प्रा.ली. लाई भुक्तानी भुमे गाँउ पालिका सहकार्य	९८४,७९५.०
१०	ईश्वर नारायण काष्ठ उद्योगलाई भुक्तानी भुमे गाँउ पालिका सहकार्य	७५,०००.०
११	पारिश्रमिक भुक्तानी संग्रहालय निर्माण कार्य भुमे गाँउ पालिका सहकार्य	२,५८५,०००.०
१२	पारिश्रमिक भुक्तानी संग्रहालय निर्माण कार्य भुमे गाँउ पालिका सहकार्य	१,९५०,०००.०
१३	मूर्तिकला सिर्जना गर्न कलाकारहरुलाई काष्टीङ कार्यको लागी भुक्तानी	४,०५०,०००.०
	जम्मा	१४,९८६,९६५.०

(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	३८,९२,०००

५९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन बमोजिम बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ साथै नियमावली २०६४ को नियम ८५ मा १० लाख लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले नियमावली बमोजिम खरिद गर्नुपर्नेमा टुक्रा पारी सोझै खरिद गरेकोछ। जसका केही उदाहरणहरु निम्नानुसार छन्। पालिकाले आगामी दिनमा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो. भौ. नं.	विवरण	फर्म/संस्थाको नाम	भुक्तानी रकम
२१२	इन्धन खरिद	एल पि ग्यास पसल	१५५१६०
३४७	बिद्युत सामग्री खरिद	सलिन लाइट एण्ड बिजुली पसल	५९०७५
६०९	इन्धन खरिद	एलपी ग्यास पसल	६१,७२५
२५४	इन्टरनेट जडान	अल इन वान इलेक्ट्रोनिक्स एण्ड सोलार सेन्टर	४२०००
३०८	सवारी मर्मत	जिटि बाइक अटो मर्मत एण्ड पार्ट सेन्टर	१२४०३०
६१६	वाइरिङ तथा फ्लड लाइट जडान खर्च	भूमे इलेक्टोनिक्स मर्मत सेन्टर	५८,६३५
७१६	मेसिनरी औजार मर्मत तथा सम्भार खर्च	डिजिटल कम्प्युटर हाउस	११४८००
७१७	मेसिनरी औजार मर्मत तथा सम्भार खर्च	धौलागिरी आइ टि सोलुसन एण्ड ट्रेनिङ सेन्टर	५८,०००
३ प्रदेश	पिके एजुकेशन सप्लायर्स ओम बागेश्वरी फाइवर एण्ड मेटल इन्डस्ट्रिज राप्ति एजुकेशन इन्टरप्राइजेज	बाल उद्यान निर्माण सामाग्री खरिद	१९९९९७७
जम्मा			**२६३१४०२**

६० **सफ्टवयर नविकरण** (८८-पुँजिगत)-२०८२-०३-०३-):

पालिकाले सफ्टवेयर खरिद वापत मिमोसा टेक सोलुसन लाई रु ९४६८८० भुक्तानी दिएको छ। उक्त परामर्शदातासंग गरेको सम्झौताको टि. ओ. आर. को Printing And Documentation अन्तरगत 11(b) मा Auto generate different Ma.Le. Pa. forms like 501, 503, 504, 510 and 514 उल्लेख छ। परामर्शदाताले उपलब्ध गराएको सफ्टवेयरमा म. ले. प. फा. नं. ५१४ अटो जेनेरेट हुने व्यवस्था छैन। टि. ओ. आर. मा उल्लेख भएका कार्यको रकम नखुलेकाले रकम एकिन गरि असुल उपर गर्नुपर्छ। सम्झौताको बुँदा नं. ५ मा पालिकाले मिमोसा टेक सोलुसनलाई सिस्टम र पहिलो वर्षको वार्षिक मर्मत कार्यको लागि सम्झौता पश्चात एकमुष्ट रुपमा भ्याट सहित रु ९,९४,४००/- (अक्षरुपी नौ लाख चौरानब्बे हजार चार सय) शुल्क उपलब्ध गराउने उल्लेख छ। साथै बुँदा नं. ७ मा सम्झौता अवधी सकिए पश्चात यसलाई वार्षिक रुपमा नवीकरण गर्न सकिनेछ। दोस्रो वर्षको लागि हालको सम्झौता रकम (रु ९,९४,४००/-) को १५% शुल्क पहिलो पक्षले दोश्रो पक्षलाई दिई थप एक वर्षका लागि नवीकरण गरिने छ । त्यस पश्चात अघिल्लो आ.व. को नवीकरण दस्तुरमा १०% थप गरी हुन आउने रकमका दरले नवीकरण दस्तुर वार्षिक रूपमा वृद्धि हुने उल्लेख छ। सफ्टवेयरको Rate analysis मा ढुङ्गाको (रबुल) गाह्रो लगाउने काम - १:६ सिमेन्ट बालुवा मसला लगाएत नर्म्सको गलत प्रविष्टि गरिएका कारण यसमार्फत कार्य गरिने सम्पूर्ण कार्यमा बढी भुक्तानी हुन सक्ने देखिन्छ । सफ्टवेयर खरिद

भएको पहिलो वर्षमा मर्मत वापतको शुल्क दिन नमिल्ने भएकाले मर्मत वापतको उक्त १५ प्रतिशत रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,४९,१६०

६१ **PPMS सफ्टवेयर खरिद तथा जडानः**

पालिकाले आ. व. २०७८/७९ मा केन्द्रिकृत सिफारिस तथा प्रमाणपत्र व्यवस्थापन प्रणाली नवीकरणका लागि सिलिकन सफ्ट एण्ड आइ. टी. कन्सल्ट्यान्ट प्रा. लि. संग गरेको सम्झौताको बुँदा नं. ६ मा सफ्टवेयर मार्फत काम गर्न सुरु गरिसकेपछी कुनै समस्या आएमा वा नियमित अपडेटका लागि आवश्यक प्रवन्ध मिलाउनुपर्ने उल्लेख छ। साथै बुँदा नं. ८ मा यस सफ्टवेयरको नियमित मर्मत संभार तथा अपडेटका लागि प्रतिवर्ष चलाए वापत प्रथम पक्षले दोश्रो पक्षलाई वार्षिक रु.२५००० भुक्तानी गर्नुपर्ने र उक्त कार्यका लागि दोश्रो पक्षले कर विजक जारी गर्नुपर्ने उल्लेख छ। पालिकाले नियमित अपडेट र मर्मत वापत रु २५००० भुक्तानी दिएको साथै २०८१।१०।१३ मा निर्णय गरि विभिन्न advanced reporting features, QR Code verification र Nyayik Samiti system को feature module लगाएत फिचर्स थप गर्नेगरी सम्झौता गरि कन्सल्ट्यान्टलाई थप रु ३९५५९ भुक्तानी दिएको छ। यसरी खरिद गर्दा सफ्टवेयरको लागत मूल्य बढ्न गएको छ। तसर्थ सफ्वेयर खरिद गर्दा त्यसमा संलग्न हुने फिचर्सको बारेमा सुरु सम्झौतामा उल्लेख गरि खरिद कार्यलाई मितव्ययी र बनाउनुपर्छ।

६२ **बिल भरपाई** (३३८/२०८१-११-१५-):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३ **नर्म्स भन्दा बढी भुक्तानी**

लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को अनुसुचि ५ मा कार्यक्रम सञ्चालन गर्दा प्रत्येक क्रियाकलापको दर उल्लेख गरेको छ । पालिकाले कार्य सञ्चालन सम्बन्धी छुटै नर्म्स तयार नगरेकोले प्रदेश कानुनको परिपालनगा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सोको पालना नगरी तोकेको दर भन्दा निम्नाननुसारको रकम बढी भुक्तानी गरेको देखियो । उक्त नर्म्स भन्दा बढी भुक्तानी भएको सम्बन्धितबाट असुल गर्नुपर्ने रु

गो. भौ. नं.।मिति	विवरण	भुक्तानी पाउने	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी
६७८/२०८२। ०२।०९	संयोजक भत्ता	नारायण ओली	४५००	७०००	२५००
	खाजा	समाज समृद्धि युवा कलब	३१,५००	४०५००	९०००
733/२०८२। ३।१९	जेष्ठ नागरिक अपाङ्ग तथा शहिद परिवार सम्मान कार्यक्रम	जय माता दी ट्रेडर्स	१९६४७०	२२२०११	२५५४१
784/२०८२। ३।२१	अपांग तथा जेष्ठ नागरीक सम्मान कार्यक्रम	सुमन स्टोर	२७६१२०	२८०८९५	४७७५
	महिला उत्थान जिविको पार्जन कार्यक्रम	गाडी भाडा	०	४५००	४५००
	महिला उत्थान जिविको पार्जन कार्यक्रम	खाजा नास्ता	२६००	५०००	२४००
जम्मा					**४८७१६**

असुल गर्नुपर्ने	४८,७१६

६४ **हेभि इक्वीपमेन्ट सञ्चालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत विगत वर्षमा खरिद गरेको रा.१ ग ४२ नं. को १ थान ट्रिपर, रा १ ग २९ नं. को १ थान जे.सि.बी प्रयोगविहिन अवस्थामा रहेको देखियो । उक्त इक्वीपमेन्टहरुको लाभ लागत विश्लेषण गरि कानुनबमोजिम मर्मत वा लिलाम गर्नु गर्नुपर्छ।साथै गाउँपालिकाले लु.प्र. ०२०००१ घ ०००६ ब्याक हो लोडर सञ्चालनबाट के कति मूल्य बराबरको कार्य कहाँ कहाँ भयो र के कति आम्दानी भयो भनि खुल्ने गरि अभिलेख व्यवस्थित गरि आम्दानी जनाएको छैन। उक्त ब्याक हो लोडर मर्मतमा रु.१०००४८ तथा ईन्धन खरिदमा रु.९३२६९४ तथा अपरेटर खर्च रु.२४६४०५ गरी कुल रु.१२७९१४६ सञ्चालन खर्च गरेको देखियो। पालिकाले यस वर्ष ब्याक हो लोडरलाई पालिका अन्तरगतका विभिन्न कार्यमा कुल ५७४.५ घण्टा प्रयोग गरी रु.१७२३५०० बराबर कार्य गरेको देखियो । ब्याक हो लोडर सञ्चालन कार्यलाई व्यवस्थित, मितव्ययी बनाई आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्छ। साथैविभिन्न व्यवसायीलाई भाडामा उपलब्ध गराएकोमा २५३.०९ घण्टा बराबरको रकम स्थानीय राजस्व खातामा रु. ७५९२९० प्राप्त हुनुपर्नेमा जम्मा रु ४६३९०० आम्दानी पालिकाको राजश्व खातमा जम्मा भएकोमा बाँकी रकम निम्नानुसार असुल उपर गर्नुपर्ने रु.

प्रयोगगर्ने व्यक्ति/फर्म	गरेको कार्य	चलेको घण्टा	दर	जम्मा रकम
साकार निर्माणसेवा	ग्याबीङ जाली फिलिङ	४०	३०००	११९७००
सन्तोष घर्तिमगर	गिट्टी लोड	२२	३०००	६६०००
रोयलमुक्तिनाथ निर्माण सेवा	ग्याबीङ फाउन्डेसन	३८	३०००	११४३००
भरत वहादुरपुन	सडकको माटो फिलिङ	९	३०००	२७९००
मनकाजी पुन	माटो फिलङ	६	३०००	१७४९०
जम्मा		**११५**	**३०००**	**३४५३९०**

असुल गर्नुपर्ने	३,४५,३९०

६५ **सवारी भाडा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन ,२०७६ को दफा ४ मा यातायात सुविधा अन्तर्गत पदाधिकारीलाई सवारी साधन उपलब्ध गराइने उल्लेख छ। सवारी साधन उपलब्ध नभएको अवस्थामा अनुसूचि बमोजिम यातायात खर्च दिने र सवारी साधन उपलब्ध भएको खण्डमा अनुसूचि बमोजिम इन्धन र मोबिल उपलब्ध गराईने र यातायात सुविधा पाउने छैन भन्ने व्यवस्था रहेको छ।साथै सार्वजनिकखरिद ऐन २०६३को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले सम्पूर्ण पदाधिकारी तथा सदस्यलाई यातायात खर्च वापतको सेवा सुविधा प्रत्येक महिना तोकिएबमोजिम भुक्तानी गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट इन्धन सुविधा समेत लिएको अवस्थामा अध्यक्षले यस वर्ष ५६६ लि. इन्धन वापत रु. ८५७५६ तथा उपाध्यक्षले ४११ लि. इन्धन वापत रु. ६३१७६ भुक्तानी लिएको देखियो। यसरी दोहोरो पर्ने गरि भूक्तानी लिएको असुल उपर गर्नुपर्ने निम्नानुसारको रु.

पदाधिकारीको नाम	पद	मासिक सुविधा (रु)	वार्षिक सुविधा (रु)
होमप्रकाश श्रेष्ठ	अध्यक्ष	१२०००	१४४०००
सविना बुढा मगर	उपाध्यक्ष	१२०००	१४४०००
जम्मा			**२८८०००**

असुल गर्नुपर्ने	२,८८,०००

६६ **दोहोरी सुविधा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजिनिक निकायले १ लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गरि गर्नुपर्ने व्यवस्था छ । साथै यसै ऐनको दफा ८(२) मा प्रतिष्पर्धालाई सिमिति गर्ने गरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाग रुपैयाँसम्म लागत अनुमान भएको जुनसुकै सेवा खरिद गर्दा ऐनको दफा ४० बमोजिम सिलबन्दि दरभाउपत्र आह्वान गरि खरि गर्नुपर्ने उल्लेख छ। पालिकाले उपाध्यक्ष तथा विभिन्न पदाधिकारी

र कर्मचारी लागाएतलाई अनुगमन तथा विभिन्न कार्यक्रममा सहभागि हुनका लागि विभिन्न मितिमा निम्नानुसारको सवारी भाडामा लिएको छ । पालिकाले वार्षिक रुपमा आवश्यकताको एकिन गरि एकमुष्ट रुपमा दररेट माग गरि कानुनबमोजिम खरिद गर्नुपर्नेमा सम्बन्धित सवारी धनी संग सिधै सम्झौता गरि प्रतिस्पर्धा बेगर टुक्रा पारी खरिद गरेको अनियमित देखिएको रु

गाडि भाडामा लिएको अवधि	भाडा दर	दिन	जम्मा भाडा रकम	गाडि भाडमा लिनुको कारण
मिति २०८०।१२।१६	५५००	१	५५००	बजार अनुगमन
मिति२०८०।१२।२३ देखि २९ गते सम्म	५५००	७	३८५००	कार्यक्रममा सहभागी हुन नेपालगंज
मिति २०८१।१।१३ देखि २० गत सम्म	५५००	८	४४५००	काठमाण्डौ गएको
मिति २०८१।२।४ गते	२५०००	१	२५०००	घोराहि दाङ गएको(गाडि रिजर्भ)
मिति २०८१।२।१० देखि१४ सम्म	८०००	५	४००००	जनजातिको कार्यक्रममा गएको
मिति २०८१।२।१६ देखि १८ सम्म	५५००	२	११०००	कार्यक्रममा सहभागी हुन घोराहि गएको
मिति २०८१।०३।०१ गते	१००००	१	१००००	कार्यक्रमा सहभागी हुन थबाङ गएको
२०८१।३।११ देखि २०८१।३।३१ सम्म	५५००	२१	११५५००	गाउँपालिकामा योजना अनुगमन
२०८१।५।८ देखि ५ ११ सम्म	६०००	११	६६०००	काठमाडौं
२०८१।५।८देखि१८ सम्म	-	-	३९६००	कार्यक्रममा काठमाण्डौ
२०८१।४।१ देखि ३१ सम्म	४०००	-	१२४४०००	कारण स्पष्ट नभएको
२०८१।५।२ देखि ४ सम्म	४०००	-	१२०००	
२०८१।६।७ गते रिजर्भ	-	-	१५०००	तकसेरा कारण नखुलेको
२०८१।६।८	-	-	१००००	
२०८१।६।९	-	-	१००००	
२०८१।६।१०	-	-	३००००	घोराहि दाङ कारण नखुलेको
२०८१।६।१४	-	-	२००००	चुवाङ समान ढुवानी
२०८१।६।१५	-	-	४००००	उपाध्यक्षलाई लिन पोखरा
२०८१।६।१७	-	-	९०००	गाउँपालिका भर
२०८१।६।१८	-	-	७५००	रुकुमकोछ महत थवाङ
२०८१।६।१८	-	-	९०००	वडा नं ६ र ७
२०८१।६।१९	-	-	३००००	दाङ घोराहि
२०८१।६।१९ देखि २३	४०००	-	१६०००	दाङ देउखुरी प्रदेश राजधानी
जम्मा			१७३२६००	

अनियमित भएको	१७,३२,६००

६७ **ईन्धन खर्च**

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसुचि १ मा कार्यालयले पदाधिकारी तथा कर्मचारीलाई उपलब्ध गराउने इन्धनको बारेमा उल्लेख छ। पालिकामा १ थान ब्याक हो लोडर, २ थान बोलेरो गाडी, १ थान एम्बुलेन्स तथा २१ वटा मोटरसाईकल सञ्चालनमा रहेको जिन्सी निरिक्षण प्रतिवेदनबाट देखिन्छ। पालिकाले यस वर्ष ईन्धनमा मात्र रु.३०५६३४१ खर्च गरेको छ। मापदण्ड अनुसार अधिकतम रु.१६०२७३९ खर्च हुनुपर्नेमा मापदण्ड भन्दा रु. १४५३६०२बढी खर्च गरेको छ। कार्यबोझ अनुसार अनुगमन लगायतका काममा धेरैहिड्नुपरर्ने भएकाले इन्धन शीर्षकमा बढी खर्च भएको पालिकाको भनाइ रहेको छ। पालिकाले स्वीकृत मापदण्डलाई ध्यान दिई ईन्धन खर्चमा नियन्त्रण गरी मापदण्ड भित्र रहेर इन्धन खर्च गर्ने तर्फ जोड दिनुपर्दछ।

विवरण	**औषतदर**	**मापदण्ड अनुसार मासिक (लि)**	**वार्षिक खर्च(लि)**	**जम्मा रु. मा**
प्रति महिना १० लिटर ईन्धन पाउने कर्मचारी २१	१५८	२१०	२५२०	३९८१६०
एम्वुलेन्स	लग बुक र भुक्तानी अनुसार			२७१८८५
ब्याक हो लोडर				९३२६९४
जम्मा				**१६०२७३९**

६८ **कागजात बिना भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४ बमोजिम कार्यालयले सार्वजनिक खरिद गर्दा अधिकार प्राप्त अधिकारीले खरिद आदेश र दाखिला प्रतिवेदन प्रमाणित गरेको आधारमा मात्र खरिदको भुक्तानी दिनुपर्ने र आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व ऐन २०७६ को दफा २८(१) मा कुनै पनि सरकारी कार्यालयले मालसामान प्राप्त भएपछि जिम्मेवार व्यक्तिले सो प्राप्त भएको ७ दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ ।उल्लेखित कानून विपरित खरिद आदेश र दाखिला प्रतिवेदन बिना रु १,९५,४०३ भुक्तानी गरेको नियमसम्मत नभएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९५,४०३

६९ **लाबाङ खेलमैदान स्तर उन्नति निर्माण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२९,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७० **कुचिवाङ्ग सिमखोला भिजिवन लावाङ्ग धर्मशाला**

गाउँपालिकाले कुचिवाङ्ग सिमखोला भित्रिवन लाबाङ्ग धर्मशाला सडक ट्र्याक खोल्ने कार्यको लागि रु १ करोड ७९ लाख २४ हजार को लागि लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु १ करोड १४ लाख २८ हजार कवोल गर्ने हरिसिद्धि कन्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८२।३।११ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८१।८।११ मा सम्झौता गरी कार्यादेश दिएकोमा हालसम्म कुल १ करोड ९ लाख ३९ हजार कार्यसम्पन्न भएको आधारमा ४ वटा रनिङ्ग विल बाट भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

७०.१ **पेश्की**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७०.२ पेस्की जोखिममा- अग्रिम भुक्तानी जमानतको म्याद २०८१।११।१५ सम्म भएको र त्यसपछि पेश्की जमानतको म्याद थप नभएको कारण मिति २०८१।११।१५ देखि २०८२।०३।२० सम्म पेश्की कट्टा गरेको देखियो । पेस्की दिदाँ पेस्की कट्टा नहुदाँसम्म सो अवधिको जमानत राखी पेस्की भुक्तानी वा थप गर्न लगाउनु पर्दछ ।

७०.३ **बिमा**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **५९,३५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	सक्कल विल पेश नभएको: निर्माण व्यवसायीसँग गरिएको सम्झौताको GCC Clause १९.२ अनुसार Policies and certificates for insurance shall be delivered by contractor to the project manager for the Project manager's approval before the start date उल्लेख रहेको तथा SCC कल्जको वुदा नं GCC १९.१ अनुसार उल्लेख भएका प्रावधान अनुसारको विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले निर्माण तोकिएको मितिमा जारी भएको विमाको प्रमाण पेश नगरेको तथा आर्थिका कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्नेमा कार्यालयले सम्झौता अनुसार विमाको क्राइटेरिया नपुगेको विमाको बिल र ल्याव टेष्टको फोटोकपी विलमा ठेक्का नं तथा सम्वन्धित ठेक्का दिने पक्षको नाम नै उल्लेख नभएको फोटोकपि विल पेश गरी विमा बापत रु १३५०१५ भुक्तानी भएको देखिएकोले सक्कल विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु	१,३५,०१५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : भूमे गाउँपालिका, रुकुमकोट , भूमे गाउँपालिका , रुकुम पूर्वि भाग

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	देवि लाल वि.क.	२०८०-५-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	गणेश ओलि	२०७६-९-३	२०८२-०२-२९
लेखा प्रमुख	विजय बाँठामगर	२०८२-०२-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२२,१२७,९५७.७१	६,३१३,४६६.८४	२,१८०,६१३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३०,६२२,०३७.५५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,४९२,०९८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१३५,०१५
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२९,२६४,९५४.५५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२१९९७५२.२८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३७५२०४२०	चालु खर्च	२८७०१७४४९.२२
प्रदेश सरकारबाट अनुदान	२४९०५०००	पूँजीगत खर्च	१५१७३९३९१
राजश्व बाँडफाँट	९६४०५६६८.०९	वित्तीय/अन्य व्यवस्था	१५५४०४९३८.८१
आन्तरिक आय	६६०४७०९.७२		
अन्य आय	१३४२४८०७७.४२		
कुल आय	५९९६८३८७५.२३	कुल खर्च	५९४१६१७७९.०३
बाँकी मौज्दात		२७७२१८४८.४८	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय						
क्र.स./आर्थिक सङ्केत	विवरण	चालुआ.ब.को कारोबार			गतआ.ब. को कारोबार	
		नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	जम्मा
राजस्व अनुदान र अन्य प्राप्ति						
११०००	कर	९८९५५८८१.	०	९८९५५८८१.	८५५१४७९९.७९	८५५१४७९९.७९
१३०००	अनुदान	३३९६८०८३२.७८	०	३३९६८०८३२.७८	३३२३००६९९.३२	३३२३००६९९.३२
१४०००	अन्यराजस्व	३९७७६४८.७५	०	३९७७६४८.७५	४६११०९६.८	४६११०९६.८
१५०००	विविधप्राप्ति	६५,७५९.००	०	६५,७५९.००	४३७५६५.	४३७५६५.
क	**कुलजम्मा प्राप्ति**	४४२६८०१२१.५३		४४२६८०१२१.५३	४२२८६४१६०.९१	४२२८६४१६०.९१
३	चालु	२८७०१७४४९.२२	०	२८७०१७४४९.२२	२९२७९३०७७.०६	२९२७९३०७७.०६
२१०००	पारिश्रमिक / सुविधा	१४९४०५८५०.३४	०	१४९४०५८५०.३४	५४८६५७०९.२६	५४८६५७०९.२६
२२०००	मालसामानतथा सेवाको उपयोग	९६३८५४६१.८८	०	९६३८५४६१.८८	८९१४३२७३.७	८९१४३२७३.७
२५०००	सहायता (Subsidy)	३९२४०८१.	०	३९२४०८१.	१२७३९८७५०.९५	१२७३९८७५०.९५
२६०००	अनुदान	२६५९४२९७.	०	२६५९४२९७.	१११७५०५७.	१११७५०५७.
२७०००	सामाजिकसुरक्षा	८०३६२०४.	०	८०३६२०४.	८४४४१८२.१५	८४४४१८२.१५
२८०००	अन्यखर्च	२६७१५५५.	०	२६७१५५५.	१७६६१०४.	१७६६१०४.
४	पुँजीगत	१५१७३९३९१.	०	१५१७३९३९१.	१५५४९१४६२.९	१५५४९१४६२.९
३१११०	भवनतथा संरचना	१०२०७५९४५.	०	१०२०७५९४५.	६६३३३०८२.४७	६६३३३०८२.४७
३११२०	सवारीसाधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	१०४१७०७७.	०	१०४१७०७७.	४९०१३२६.	४९०१३२६.
३११३०	अन्यपुँजीगत खर्च	१६८४४००.	०	१६८४४००.	४४०४४३७.	४४०४४३७.
३११५०	सार्वजनिकनिर्माण	३४२६४०९७.	०	३४२६४०९७.	७५७३९५६९.४३	७५७३९५६९.४३
३११६०	निर्मितसरचनाकोसुधार खर्च	२३१०६७९.	०	२३१०६७९.	४११३०४८.	४११३०४८.
३११७०	पुँजीगतसुधार खर्च	९८७१९३.	०	९८७१९३.	०	०
ख)	**कुलजम्मा भुक्तानी**	४३८७५६८४०.२२		४३८७५६८४०.२२	४४८२८४५३९.९६	४४८२८४५३९.९६
ग)	**बचत /कमी (ग = क-ख)**	३९२३२८१.३१		३९२३२८१.३१	-२५४२०३७९.०५	-२५४२०३७९.०५
घ)	**धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	१५८७७२५.८३		१५८७७२५.८३	२१०१४६१.२३	२१०१४६१.२३
घ.१)	**कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी**				-२१,०२७.००	-२१,०२७.००
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	५५११००७.१४		५५११००७.१४	-२३३१८९१७.८२	-२३३१८९१७.८२

च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	२२२१०८४१.३४		२२२१०८४१.३४	४५५०८७३२.१६	४५५०८७३२.१६
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२७७२१८४८.४८		२७७२१८४८.४८	२२१८९८१४.३४	२२१८९८१४.३४

बेरूजु दफा १२.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.स	संस्थाको पुरा नाम	पालिकामा दर्ता भएको मिति	कार्य क्षेत्र	उद्देश्य	स्थायी लेखा नं.	कार्यक्रम तथा बजेट	मुख्य कार्यक्रम	कार्य प्रगति पेश गरे/ नगरेको
१	डिप्रोक्स नेपाल	२०८१।०३ ०९	पालिका	समुन्नती डिजिटल फाईनान्स्	५००१५०९९७	२४९५८७७	१. महिला किसानहरूको क्षमता विकास कार्यक्रम, २.विद्युतिय वित्तीय सारक्षरता कार्यक्रम ३. महिला सशक्तिकरण ४. सहकारी सस्थाहरूको क्षमता अविवृद्धि	नगरेको
२	झुम्लाबाङ भिलेज फाउन्डेसन	२०८०।०८ १८	वडा नं. २ र ३	स्वास्थ्य तथा पोषण सुधार सम्बन्धि	३०३९७४८४४	१४७५३२४०	१.घर बगैचा निर्माण, चुलो निर्माण,गिन हाउस निर्माण	नगरेको
३	सर्वाङ्गिण सरोकार समाज	२०७८।०७। १०	वडा नं ३	कृषि शिक्षा स्वास्थ्य र वातावरण एवम कार्यमा	३०२५८२७९८	१४०५२५००	१.पोषण कार्यक्रम, कृषि तथा पशुपालन	नगरेको
४	नेपाल महिला सामुदायिक सेवा केन्द्र	२०८१।०७। १२	पालिका	महिल तथा बालबालिका शिक्षा स्वास्थ्य लैङगिक मानब अधिका न्याय तथा समाजमा दिगो स्थापना	३०१७२७४९९	५११९२००	१. महिला तथा बालबालिका शिक्षा स्वास्थ्य, लैङगिक मानब अधिका न्याय तथा समाजमा दिगो स्थापना	नगरेको
५	नेपाल जनजागरण(NPF)	२०७६।०४। १५	पालिका(१,२)	मानसिक स्वाथ्य, खानेपानी,	३०२१९९२३७	३३७८६३२	१. मानसिक स्वाथ्य, खानेपानी	नगरेको
६	किड्स नेपाल	२०८१।१०। १५	पालिका	नेपालमा दिगो यौन प्रजनन स्वास्थ्य र अधिकार	३०१७७७८३८	२०९९३९७	१.स्वास्थ्य क्लिनिक शिविर संचालन, जलबायु परिवर्तन परिवर्तन सम्बन्धी कार्यक्रम	नगरेको
७	सर्वाङ्गिण विकास केन्द्र	२०८१।०३। २१	वडा ३	महिला शसक्तिकरण	६०४०९०२४५	७९८५०००	१. दिवा खाजा कार्यक्रम- ४ स्कुल, २.महिला सशक्तिकरण कार्यक्रम ३.किशोरी सशत्तिकरण कार्यक्रम ४. कृषि तथा पशुपालन	नगरेको
८	सहकर्मि समाज		वडा न. ३	न्यायमा पहुँच सवलिकरण समाज	३०१७३६८३३	८६०२७६	न्यायमा पहुँच सवलिकरण समाज	नगरेको
	जम्मा					**५०७४४१२२**		

क.सं.	विद्यालयको नाम	कुल शिक्षक संख्या	जम्मा विद्यार्थी संख्या	विद्यार्थी शिक्षक अनुपात	
१	श्रीचैतेछहरा आ.वि. भूमे-९, पेदी धर्मशाला	४	३८	९.५०	
२	श्रीआधारभूत विद्यालय, भूमे-९, दुवाचौर	५	१२६	२५.२०	
३	श्री आधारभूत विद्यालय, भूमे-९, सिमचौर	५	१७२	३४.४०	
४	श्री नेपालराष्ट्रिय मा.वि. भूमे-९, चुन्बाङ	१५	५५६	३७.०७	
५	श्री सन्नीआ.वि. भूमे-९, गलमछिन्ने	३	१३	४.३३	
६	श्री मदनस्मृती आ.वि. भूमे-९, डाँडागाउँ	२	४८	२४.००	
७	श्रीबालविकास आ.वि. भूमे-९, गोठीवाङ	१	१८	१८.००	
८	श्री जनताआ.वि. भूमे-५, सेरावाङ	४	१०५	२६.२५	
९	श्री आधारभूत विद्यालय, भूमे-५, डालिवाङ	४	५८	१४.५०	
१०	श्रीजनशक्ति मा.वि. भूमे-४, काँडा	७	१८५	२६.४३	
११	श्रीजनविकास आ.वि. भूमे-४, तल्लोसाकिम	५	५८	११.६०	
१२	श्री भूमीआ.वि. रुजिखोला भूमे-१	४	९४	२३.५०	
१३	श्रीत्रिवेणी मा.वि.काँक्री भूमे-२	५	२०९	४१.८०	
१४	श्री बराहाआ.वि.स्याला भूमे-१	४	१३७	३४.२५	
१५	श्रीसिद्धचौर मा.वि. लुकुम भूमे-१	१६	२९०	१८.१३	
१६	श्रीत्रिभुवन मा.वि. खावाङ भूमे-२	४	११४	२८.५०	
१७	श्रीहिमालय आ.वि. भूमे-२, गावाङ	४	५३	१३.२५	
१८	श्रीबालविकास आ.वि.जङ्गडाँडा भूमे-२	४	२०	५.००	
१९	श्रीबालज्योति आ.वि. भूमे-२, दहवाङ	२	१७	८.५०	
२०	श्रीसरस्वती मा.वि. भूमे-८, सिमखोला	४	२८८	७२.००	

२१	श्रीजनज्योति आ.वि. भूमे-७, धर्मशाला	४	१५१	३७.७५	
२२	श्रीजनजागृती मा.वि. भूमे-६, महत	१५	३३२	२२.१३	
२३	श्रीआधारभूत विद्यालय, भूमे-७, लावाङ	४	६५	१६.२५	
२४	श्रीछेलोफाल्ने आ.वि. भूमे-७, गुनाम	४	४३	१०.७५	
२५	श्रीजनचेतना आ.वि. भूमे-६, खाम्दै	४	५३	१३.२५	
२६	श्री नेपालराष्ट्रिय आ.वि. भूमे-८, कोर्जा	४	१३७	३४.२५	
२७	श्रीबालजुनजागरण आ.वि. भूमे-६, रिसालचौर	४	७४	१८.५०	
२८	श्रीटक्सार आ.वि. भूमे-३, झुम्लावाङ	४	१२५	३१.२५	
२९	श्री नमूनाआ.वि. भूमे-३, मोरावाङ	४	१०४	२६.००	
३०	श्री शहिदशुक्र मा.वि. भूमे-३, सिमा	१५	३०२	२०.१३	
३१	श्री शहिदवासुस्मृती नमूना आ.वि. भूमे-३, क्याङ्सी	७	११८	१६.८६	
३२	श्रीमाद्यमिक विद्यालय, भूमे-८, कुचिवाङ	६	२११	३५.१७	
३३	श्रीजनशक्ति आ.वि. भूमे-८, झिम्का	०	५०		
०००। ३४	श्रीबालविकास आ.वि. भूमे-६, नाखे	२	२०	१०.००	
३५	श्रीप्रभुकुटी बालविकास भूमे-९, चुनवाङ	१	१०	१०.००	
जम्मा		१८०	४३९४		

बेरूजु दफा २८.५ सँग सम्बन्धित विवरण - अनुसूची - ६

क्र. सं.	विद्यालयको नाम	ठेगाना	दरबन्दीको किसिम				
			स्थानीय शिक्षण अनुदान				
			तह				
			बालविकास	प्रा.वि.	नि.मा	मा.वि.	
१	श्रीआधारभूत विद्यालय	भूमे गा.पा -९, दुवाचौर	०	१	०	०	
२	श्रीआधारभूत विद्यालय	भूमेगा.पा-९सिमचौर	०	०	३	०	
३	श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय	भूमे-९, चुनवाङ	०	०	०	०	
४	श्री सन्नी आधारभूत विद्यालय	भूमेगा.पा-९गलमछिन्ने	०	०	०	०	
५	श्री मदन स्मृति आधारभूत विद्यालय	भूमेगा.पा-९डाडाँगाउँ	०	१	०	०	
६	श्री जनजागृति माध्यमिक विद्यालय	भुमेगा.पा-६, महत	०	०	०	०	
७	श्री आधारभूत विद्यालय	भूमे-७, लाबाङ	०	१	०	०	
८	श्री जनचेतना आधारभूतविद्यालय	भूमे-६, खाम्दै	०	१	०	०	
९	श्री बराहा आधाभूत विद्यालय	भूमे-१, स्याला	०	०	२	०	
१०	श्री त्रिभूवन मा वि	भूमे-२, खाबाङ	०	०	२	०	
११	श्री नमूना आधारभूत विद्यालय	भूमे-३, मोरावाङ	०	०	२	०	
१२	श्री शहिद शुक्र माध्यमिक विद्यालय	भूमे-३,सिमा	०	०	०	०	
१३	श्री बालविकास आधारभूतविद्यालय	भूमे-२, जंगडाँडा	१	०	०	०	
१४	श्री टक्सार आधाभूतविद्यालय	भूमे-३, झुम्लाबाङ	०	१	२	०	
१५	श्री बालजनजागरणआवि	भूमे-६रिसालचौर	०	०	२	०	
१६	श्री शहिदबासु स्मृतिनमु'ना आवि	भूमे-३, क्याङसी	०	१	२	०	

१७	श्री भूमि आधारभूतविद्यालय	भूमे-१,रुजीखोला	०	१	०	०	
१८	श्री त्रिवेणी माध्यामिक विद्यालय	भूमे-२,काँक्री	०	१	२	०	
१९	श्री हिमालय आधारभूतविद्यालय	भूमे-२,गावाङ	०	१	०	०	
२०	श्री सिद्घचौर माध्यमिक विद्यालय	भूमे-१, लुकुम	०	०	०	०	
२१	श्री बालज्योति आधारभूत विद्यालय	भूमे-२, दहबाङ	०	१	०	०	
२२	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय	भूमे-८, कोर्जा	०	१	१		
२३	श्री सरस्वती माध्यमिकविद्यालय	भूमे-८, सिमखोला	०	१	३	०	
२४	श्री जनज्योति आधारभूतविद्यालय	भूमे-७, धर्मशाला	१	०	२	०	
२५	श्री छेलोफाल्ने आधाभूत विद्यालय	भूमे-७, गुनाम	०	१	०	०	
२६	श्री जनशक्ति माध्यमिक विद्यालय	भूमे-४, काँडा	०	१	१	०	
२७	श्री जनता आधारभूत विद्यालय	भूमे-५, सेराबाङ	०	१	०	०	
२८	श्री जनविकास आधारभूतविद्यालय	भूमे-४, तल्लोसाकिम	०	१	०	०	
२९	श्री आधारभूत विद्यालय	भूमे-५,डालिबाङ	०	१	०	०	
३०	श्री माध्यमिक विद्यालय	भूमे-८, कुचिवाङ	०	१	१	०	
३१	श्री बालविकास आधारभूतविद्यालय	भूमे-९, गोठिबाङ	०	०	०	०	
३२	श्री जनशक्ति माध्यमिकविद्यालय	भूमे-४, झिम्का	०	०	०	०	
३३	श्री बालविकास	भूमे ६नाखे	१	०	०	०	
३४	श्री चैतेछहरा आवि	भूमे-९पेदीधर्मशाला	०	०	०	०	

३५	श्री प्रभुकुटी बाल विकास	भूमे -९, बाहुनगाडिना	१	०	०	०	
जम्मा			४	१८	२५	०	

बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -७

विवरण	खर्च रकम
पेश्कीभुक्तानी जंगबहादुर पहाडी	६३००००
पेश्कीभुक्तानी दिनेश्वर महतो	२२९००००
भूमेगाउँपालिका सहकार्यमा पारिश्रमिक भुक्तानी	१२६००००
सुची प्रिन्सीईन्टरप्राइजेजलाई भुक्तानी	४६२१७०
पेश्कीभुक्तानी जंगबहादुर पहाडी	४०००००
पारिश्रमिकभुक्तानी संग्राहलय निर्माण कार्य	३०००००
एस.सी निर्माणसेवा प्रा.लि.	९८४७९५
ईचगु नारायणकाष्ठ उद्योगलाई भुक्तानी	७५०००
पारिश्रमिकभुक्तानी संग्राहलय निर्माण कार्य	२५८५०००
पारिश्रमिकभुक्तानी संग्राहलय निर्माण कार्य	१९५००००
मूर्तिकलासिर्जना गर्न कलाकारहरुलाई काष्टिंग कार्यको लागि भुक्तानी	४०५००००
	१४९८६९६५

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- यस वर्षको आन्तरिक लेखापरीक्षण गरेको छैन । कानुन बमोजिम समयमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन शितभण्डार र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।